मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

‘धर्मका नाममा हुने राजनीतिलाई निषेध गर्नुपर्छ’



समाचार पृष्ठ ५ मा

● वर्ष ३ ● अंक ८ ● २०८१ साल मंसिर २ गते आइतबार ● Sunday 17, November 2024 ● सूर्योदयः बिहान ६:२६ बजे ● सूर्यास्तः साँझ ५:१४ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

## सद्भावना पार्टीको सातौँ राष्ट्रिय महाधिवेशन



**मधेशदृष्टि**
**महोत्तरी ।**
नेपाल सद्भावना पार्टीको सातौँ राष्ट्रिय महाधिवेशन शनिबारदेखि जनकपुरधाममा शुरु भएको छ ।
महेन्द्र नारायण संस्कृति प्रतिस्ठानमा विभिन्न राजनीतिक दलका शीर्षनेताहरुले संयुक्तरुपमा महाधिवेशन उद्घाटन गरेपछि तीन दिने महाधिवेशन जारी छ ।
पार्टीका कार्यकारिणी समितिका कार्यबाहक अध्यक्ष फुलप्रास देवीको अध्यक्षतामा भएको उदघाट्न समारोहमा वक्ताहरूले मधेशीको अधिकार दिन ठूला दलहरुले अझै इमानदारिता नदेखाएको आरोप लगाए । मधेशकेन्द्रित दलबीच तालमेल र सहकार्य नहुँदा ठूला दलहरूले फाइदा उठाएको आरोप उनीहरुको थियो ।
उद्घाटन समारोहमा तराई मधेश लोकतान्त्रिक पार्टीका अध्यक्ष बृषेशचन्द्र लाल, संघीय समाजवादी पार्टी नेपालका अध्यक्ष रिजवान अन्सारी, नेकपा एसका नेता शीतल झा, ऐतिहासिक जनता पार्टीका अध्यक्ष बद्रीनारायण ठाकुर, स्वाधीन मधेश जनअभियानका अध्यक्ष कैलाश महतो, नेपाल सद्भावना पार्टीका निवर्तमान अध्यक्ष कविता कुमारीलगायतले शुभकामना मन्तव्य राखेका थिए ।
महासचिव पवनकुमार साहले उद्घोषण गरेको उद्घाटन समारोहमा रामकुमार महतोले स्वागत मन्तव्य राखेका थिए । मंसिर ३ गतेसम्म चल्ने महाधिवेशनमा विभिन्न जिल्लाका दुई सय प्रतिनिधि सहभागी छन् ।

# विश्वप्रसिद्ध गढीमाई मेला आरम्भ



भारतबाट आउने भक्तजनका लागि पर्सा र बाराका हरेक भन्सार नाकामा सहजै प्रवेश प्रबन्ध गरिएको छ । नाकामा सहज प्रवेशका लागि मोटरसाइकल र साना चार पाङ्ग्रे गाडी भन्सार नाकामा इन्ट्री र ठूला गाडी भन्सार दस्तुर तिरेर आउन पाइने व्यवस्था मिलाइएको छ ।

**उपेन्द्र प्रसाद यादव**
मेयर तथा अध्यक्ष
गढीमाई मेला व्यवस्थापन समिति



**मधेशदृष्टि**
**बारा ।**
विभिन्न चाडपर्व बिदा भएका छन् । अब धमाधम मेला र धार्मिक महोत्सवको मौसम शुरु भएको छ । विश्वप्रसिद्ध बाराको गढीमाइ मेला आरम्भ भएको छ । यता जनकपुरधाममा विवाह पञ्चमीलाई महामहोत्सवका रुपमा मनाइने तयारी शुरु गरिएको छ । यसले सिंगो मधेश प्रदेशका सर्वसाधारण, भक्तजनलाई मात्र होइन, सीमाका भारतीय र देशका सबै भूगोलका नागरिकलाई पनि आकर्षित गरिरहेको छ ।
पशुबलीका लागि विश्वप्रसिद्ध पञ्चवर्षीय गढीमाई मेला शनिबारदेखि शुरु भएको छ । मेला मंसिर ३० गतेसम्म चल्नेछ । मेलामा २ करोड ५० लाखदेखि ३ करोड दर्शनार्थी र भक्तजनको सहभागिता हुने अपेक्षा गरिएको छ । बाराको महागढीमाई नगरपालिका वडा नम्बर २ बरियापुरस्थित गढीमाई मन्दिरमा हरेक ५ वर्षमा पञ्चवर्षीय मेला लाग्ने गर्दछ । पशुबलीका लागि मेला विश्वमै प्रसिद्ध छ ।
शनिबारदेखि मेला आरम्भ भएको गढीमाई मेला व्यवस्थापन समितिका महासचिव वीरेन्द्र प्रसादले जानकारी दिए । बिहानैदेखि मन्दिरमा पूजापाठ र दर्शन गर्न भक्तजन पुगेका थिए ।
गढीमाई मेला व्यवस्थापन समितिका अध्यक्ष तथा महागढीमाई नगरपालिकाका मेयर उपेन्द्र प्रसाद यादवका अनुसार, गढीमाई मेलामा विशेष पूजा मंसिर २३ गते अर्थात डिसेम्बर ८ तारिकमा राखिएको छ । यस्तै, बोका बली मंसिर २४ गते अर्थात डिसेम्बर ९ तारिकलाई तोकिएको छ । मेलामा आउने भक्तजन र दर्शनार्थीको सहजताका लागि निःशुल्क खानेपानी र शौचालय प्रबन्ध गरिएको छ भने ४० वटा घुम्ती शौचालय र १ हजार अस्थायी शौचालय व्यवस्थापन भएको छ ।
ठाउँठाउँमा स्वच्छ र शुद्ध खानेपानी प्रबन्ध गरिएको छ । भक्तजनलाई बरियारपुर र आसपासका गाउँमा बसोबासको प्रबन्धसमेत गरिएको छ ।
छिमेकी मुलुक भारतबाट आउने भक्तजनका लागि पर्सा र बाराका हरेक भन्सार नाकामा सहजै प्रवेश प्रबन्ध गरिएको छ । भारतबाट आउने भक्तजनलाई नाकामा सहज प्रवेशका लागि मोटरसाइकल र साना चार पाङ्ग्रे गाडी भन्सार नाकामा इन्ट्रीमात्र गराएर आउनसक्ने तथा ठूला गाडी भन्सार दस्तुर तिरेर आउन पाइने व्यवस्था मिलाइएको छ । मेलास्थलमा भेन्टिलेटर सेवासहित १० वटा स्वास्थ्य उपचार शिविर, १० वटा एम्बुलेन्स र १० वटा वारुण यन्त्र व्यवस्था गरिएको छ ।
गढीमाई मेला सञ्चालन तथा व्यवस्थापन मूल समिति, महागढीमाई नगरपालिका, गढीमाई ट्रस्टसहितको समितिले मेला व्यवस्थापनमा विशेष चासो दिएका छन् । मंसिर २३ गते तान्त्रिक विधिबाट दीप प्रज्वलन गरी गढीमाई मन्दिरको पूर्वपट्टि रहेको ब्रम्हबाबाको मन्दिरमा पञ्चबली दिएपछि बली शुरुवात हुने मूल पुजारी मङ्गल चौधरीले जानकारी दिए । मेलामा भारतबाहेक अन्य २५ मुलुकका दर्शनार्थीहरु आउने अपेक्षा गरिएको छ । मेलामा आउने भक्तजनका लागि सुरक्षा व्यवस्था मिलाइएको बाराका प्रमुख जिल्ला अधिकारी बसन्त अधिकारीले जानकारी दिए ।

## सबै भाषा र धर्मको संरक्षण गरिनेछः मुख्यमन्त्री

**मधेशदृष्टि**
**राजविराज ।**
मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहले सबै भाषा, धर्म, संस्कृति संरक्षणका लागि आवश्यक नीति तथा कार्यक्रम ल्याउने प्रतिबद्धता व्यक्त गरेका छन् । सप्तरीको बोदेबर्साइन नगरपालिका–२ नेङ्गडामा शनिबार थारु कल्याणकारिणी सभा सप्तरीद्वारा आयोजित जिल्लास्तरीय समाचकेवा महोत्सव उद्घाटन गर्दै यस्तो प्रतिबद्धता व्यक्त गरेका हुन् ।
मुख्यमन्त्री सिंहले थारु समुदायको पहिचान र कला संस्कृति जगेर्नाका लागि प्रदेश सरकारको तर्फबाट आवश्यक बजेटको व्यवस्था गर्ने बताउँदै उनले सप्तरीकै पायक पर्ने कुनै स्थानमा जग्गा उपलब्ध गराउन आग्रह गरे । उनले आफूलाई मुख्यमन्त्री भन्दा मुख्य सेवकको रुपमा सम्बोधन गर्दा पूर्ण सन्तुष्टि हुने बताए । ‘म जनताको अभिमतबाट मुख्यमन्त्री भएको हुँ, जनता मालिक हुन्,’ उनले भने, ‘मालिकको सेवा गर्ने सेवकको दायित्व हुन्छ, आफूलाई मुख्यमन्त्री भन्दा मुख्य सेवक रुपमा लिन आग्रह गर्दछु ।’
सप्तरी निर्वाचन क्षेत्र नम्बर ४ (ख) बाट निर्वाचित सांसद अनिरुद्ध प्रसाद सिंह यादवले संविधान बनाउनेले नै संविधानको पालन गरेको आरोप लगाए । उनले थारु, आदिवासी, जनजाति, मधेशीलगायत जातीय समुदायको एकतामा बिचलन ल्याउन प्रमुख राजनीतिक दलले नै संविधान उल्लङ्घन गरेको बताए । यादवले शाशक वर्गले उत्पीडित जाति र समुदायलाई फुटाउने विभिन्न षड्यन्त्र कायम रहेकाले यस्ता विखण्डनवादीबाट सचेत रही पहिचान, प्रतिनिधित्व र अधिकार सुनिश्चितताको लागि एकजुट हुन आग्रह गरे ।
थारु कल्याणकारिणी सभा सप्तरीका अध्यक्ष भुपेन्द्र प्रसाद चौधरीको अध्यक्षतामा आयोजित कार्यक्रममा बोदेबर्साइन नगरपालिकाका मेयर आतेश कुमार सिंह यादव, अग्नीसाइर कृष्णासवरन गाउँपालिका अध्यक्ष दिनानाथ चौधरी, बलानबिहुल गाउँपालिका अध्यक्ष खेमचन्द्र यादव लगायतकाले शुभकामना मन्तव्य व्यक्त गरेका थिए ।
यसैगरी, महोत्सव उद्घाटनमा थारु, भाषा संस्कृति संरक्षण प्रतिष्ठान नेपालका केन्द्रीय उपाध्यक्ष बुधसेन चौधरी, बोदेबर्साईन नगरपालिका वडा नम्बर २ का अध्यक्ष रामप्रसाद राम, अधिवक्ता भागवत चौधरी, संस्थाका पूर्व सल्लाहकार निरञ्जन चौधरीलगायतकाले समेत मन्तव्य व्यक्त गरे । कार्यक्रममा राष्ट्रिय कलाकार ममता चौधरी, सिमा चौधरी, स्वस्तिका चौधरी, भावना चौधरी लगायतका स्थानीय कलाकारले प्राचीन थारु संस्कृति, कला झल्कने गीत तथा नृत्य प्रस्तुत गरेका थिए ।

JOB VACANCY

Job Vacancy : Chief Financial Officer
Qualification : Chartered Accountant
Experience Level : 3-5 years
Company : National Medical College
Location : Birgunj
Job Type : Full-time

**Responsibilities:**
CFO shall be responsible for complete accounting, financial management, taxation, store management & inventory management and related compliances of the company, including mis reporting, business planning, budgeting, forecasting, review of process & internal control system, risk assessment and related activities. S/he shall also lead the teams of accounts and store department and deliver the required output.

**How to Apply:**
Interested candidates can submit their resume and a brief cover letter to **hrd@nmcbir.edu.np** with the subject line “Chartered Accountant Application - [Your Name].” or call for enquiries at **9817215264, 9801622255, 9855023482**

**Application Deadline:**
Within 2 weeks of publication of this post

Affiliated to Tribhuvan University & Recognized by Nepal Medical Council
National Medical College

## विवाहपञ्चमी महामहोत्सवको तयारी



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
हरेक वर्ष मनाईने विवाहपञ्चमीको तयारी शुरु भएको छ । हरेक पाँच वर्षमा विशेष जन्ती आउने र भारत, अयोध्यामा राममन्दिरसमेत निर्माण भएकाले यसपटक जनकपुरधाममा विवाहपञ्चमी महामहोत्सवका रुपमा मनाउने तयारी छ ।
कोशेलीसहित भारतको अयोध्याबाट जन्ती आउने विशिष्ठ व्यक्तित्व र साधुसन्तका लागि अयोध्यामा निम्तो लिएर मधेश प्रदेशका मुख्यमन्त्री आफैँ जाने तयारीमा छन् । मुख्यमन्त्री सतिश कुमार सिंह आइतबार जाने भएका छन् । विश्व हिन्दू परिषदका पदाधिकारीहरु भने तिलक र आमन्त्रणपत्रसहित भारतको अयोध्याका लागि शनिबार नै जानकी मन्दिरबाट प्रस्थान गरेका छन् ।
मंसिर २१ गते भगवान सीतारामको विवाहोत्सव हुनेछ । यसका लागि ५ सयको संख्यामा तिलक र अयोध्याबाट आउने जन्तीका लागि आमन्त्रण पत्रसहित अयोध्याका टोली प्रस्थान गरेको हो । शनिबार उनीहरुलाई मुख्यमन्त्री सिंह र जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले बिदाई गरे । टोली शनिबार राति वीरगंज पुगेर बास बसेको छ भने आइतबार बिहान मुख्यमन्त्री सिंहसहित वीरगंजबाट अयोध्या प्रस्थान गर्ने छ । जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले विश्व हिन्दू परिषदले तिलक पठाउने नयाँ कार्यक्रम शुरु गरेकामा खुशी व्यक्त गरे । तिलक लिएर जाने समूह आइतबार अयोध्या पुग्नेछ र सोमबार तिलकसहित जानकी मन्दिरको पत्र विश्व हिन्दू परिषदका महासचिव राजेन्द्र सिंह पंकजको अगुवाईमा राम मन्दिर ट्रष्टका प्रमुख चम्पत रायलाई हस्तान्तरण गरिने छ । टोलीमा जनकपुरधामका मेयर मनोज साह पनि सहभागी छन् ।

## चार महिनामा १० प्रतिशत विकास खर्च

**मधेशदृष्टि**
**काठमाडौ ।**
आर्थिक वर्ष २०८१–८२ को पहिलो चौमासिकमा विकास खर्च कम देखिएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार कात्तिक मसान्तसम्ममा पुँजीगत खर्च करिब १० प्रतिशत मात्रै छ ।
राससको समाचार अनुसार, चालु आर्थिक वर्षका लागि सरकारले १८ खर्ब ६० अर्ब ३० अर्ब ३० करोड रुपैयाँ बराबरको बजेट ल्याएको थियो । कात्तिक मसान्तसम्ममा २२ दशमलव ३१ प्रतिशत अर्थात् चार खर्ब १५ अर्ब दुई करोड रुपैयाँ खर्च भएको छ ।
सरकारको चालुतर्फको बजेट खर्च वार्षिक लक्ष्यको २५ दशमलव ६५ प्रतिशत छ । चालुगत शीर्षकमा ११ खर्ब ४० अर्ब ६६ करोड ४५ लाख रुपैयाँ बजेट विनियोजन भएकामा कात्तिक मसान्तसम्ममा दुई खर्ब ९२ अर्ब ५२ करोड ६७ लाख रुपैयाँ बराबर खर्च भएको छ ।
पुँजीगत शीर्षकका तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख रुपैयाँ बराबर विनियोजन भएकामा नौ दशमलव आठ प्रतिशत अर्थात् ३४ अर्ब ५३ करोड १० लाख रुपैयाँ बराबर खर्च भएको छ । वित्तीय व्यवस्था शीर्षकमा चालु आर्थिक वर्षका लागि तीन खर्ब ६७ अर्ब २८ करोड ४५ लाख रुपैयाँ बराबर विनियोजन भएकामा पहिलो चौमासिकमा ८९ अर्ब ९६ करोड २४ लाख रुपैयाँ बराबर खर्च भएको छ । कात्तिक मसान्तसम्मको राजस्व सङ्कलन वार्षिक लक्ष्यको २२ दशमलव ३६ प्रतिशत बराबर छ । चालु आर्थिक वर्षका लागि सरकारले १४ खर्ब ७१ अर्ब ६२ करोड ९५ लाख राजस्व सङ्कलन गर्ने लक्ष्य राखिएकामा हालसम्म तीन खर्ब २९ अर्ब एक करोड ५५ लाख रुपैयाँ बराबर खर्च भएको छ । सरकारले चालु आर्थिक वर्षका लागि ५२ अर्ब ३२ करोड ६५ लाख बराबर वैदेशिक अनुदान उठाउने लक्ष्य राखिएकामा हालसम्मको प्रगति शून्य छ ।

# उपनिर्वाचनका लागि कांग्रेसबाट रौतहटमा क-कसले पाए टिकट




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाली कांग्रेसले उपनिर्वाचनका लागि रौतहटको तीनवटै वडाको अध्यक्ष पदको उम्मेदवारलाई टिकट वितरण गरेको छ ।आगामी मंसिर १६ गते आइतबार रिक्त पदहरूमा रौतहट सहित देशैभर स्थानीय तहको उपनिर्वाचन हुँदैछ । रौतहटको गढीमाई नगरपालिका -८, राजपुर नगरपालिका -६ र इशनाथ नगरपालिका -७ गरी तीन ठाउँमा उपनिर्वाचन हुन लागेको छ ।नेपाली कांग्रेसले यस अघि नै चयन गरेका यी तीनवटै वडाको अध्यक्ष पदका उम्मेदवारलाई आज टिकट वितरण गरेको कांग्रेसका मधेश प्रदेश प्रचार विभाग प्रमुख नितेश कुमार गुप्ताले जानकारी दिएका छन् ।

कांग्रेसबाट गढीमाई नगरपालिका -८ मा सुबोध कुमार यादव, राजपुर नगरपालिका -६ मा सम्से आलम र इशनाथ नगरपालिका -७ मा शेख अब्दुल खलिकले टिकट पाएको प्रचार विभाग प्रमुख गुप्ताले बताए ।उपनिर्वाचन हुन् लागेको जिल्लाको यी तीनवटै वडामा कांग्रेसका ठूलो जनाधार रहेकोले मंसिर १६ गते हुने उपनिर्वाचनमा तीनवटै वडा कांग्रेसले नै जित्ने गुप्ताको दावी छ ।

भोलि मङसिर २ गते उम्मेदवारको मनोनयन दर्ता हुने कार्यक्रम रहेकोले मनोनयन दर्ता कार्यक्रममा भारी संख्यामा नेता कार्यकर्तालाई सहभागी हुन उनले सबैलाई आग्रह गरे ।

# ‘राजनीतिक स्थायित्व र सुशासनका लागि नयाँ आन्दोलन’

**काठमाडौं ।**
नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले संविधान निर्माणका बखत आफ्नो पार्टीले फरक मतका रूपमा दर्ज गरेका शासकीय स्वरुप, निर्वाचन प्रणाली र पहिचानको मुद्दाका लागि नयाँ आन्दोलन अघि बढाइने बताएका छन् । माओवादी केन्द्र काभ्रे– काठमाडौं सम्पर्क समन्वय समितिको चौथो भेला तथा प्रशिक्षणको शनिबार यहाँ उद्घाटन गर्दै उनले मुलुक अब यथास्थितिमा चल्न नसक्ने भएकाले ती मुद्दा उठाउन पुनःआवश्यक भएकामा जोड दिए । ‘हामीले संविधान जारी हुँदा जे ‘नोट अफ डिसेन्ट’ लेखेका थियौँ, ती पूरा नहुँदासम्म देशमा राजनीतिक स्थायित्व, सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिले गति नलिने विगतको अनुभवले देखाइसकेको छ,’ अध्यक्ष दाहालले भने, ‘त्यसैले मैले नयाँ प्रतिबद्धताका साथ योपल्ट नयाँ आन्दोलनको सृष्टि गर्ने सङ्कल्प लिएको छु ।’ उनले अब आफ्नो पार्टीको नेतृत्वमा हुने आत्मनिर्भर अर्थतन्त्रसहित नयाँ समाजवादी आन्दोलनमा साथ दिन सबैमा अपिल पनि गरे । पार्टी छाडेर बाहिर बसेका पूर्वसहकर्मीलाई गोलबन्द गरी समाजवादी अभियान अघि बढाउन सकारात्मक पहल भइरहेको जानकारी दिँदै अध्यक्ष प्रचण्डले भन्नुभयो, ‘छिट्टै माओवादी धाराहरू एकताबद्ध हुनेछन् र शक्तिशाली माओवादी आन्दोलन फेरि सृष्टि हुने छ ।’

आफूले नेतृत्वले गरेको पहिलो सरकारले भौतिक पूर्वाधारका रुपमा मध्यपहाडी लोकमार्ग र उत्तर–दक्षिण कोरिडोर निर्माणको थालनी गरेको, गरिब किसानको ऋण मिनाहा गरेको, दोस्रो कार्यकालमा मुलुकलाई लोडसेडिङबाट मुक्त गरेको उल्लेख गर्दै पूर्वप्रधानमन्त्री दाहालले तेस्रो कार्यकालमा थालनी गरिएका सुशासनको अभियान अब निरन्तर अघि बढ्ने स्पष्ट पारे । माओवादी केन्द्रका उपाध्यक्ष अग्निप्रसाद सापकोटाले नेपालले सबै मित्र राष्ट्रसँग समदूरीको सम्बन्ध राखेर जान सक्नुपर्नेमा जोड दिँदै अध्यक्ष दाहालले नेतृत्वको पूर्ववर्ती सरकारले अन्तर्राष्ट्रिय सम्बन्ध विकासमा महत्त्वपूर्ण फड्को मारेको जिकिर गरे । रासस

# पार्टीभित्रको फोहोर सफा गर्ने बेला भयोः थापा

**चौतारा ।**
नेपाली कांग्रेसका महामन्त्री गगन थापाले पार्टीभित्र थुप्रिएको फोहोर सफा गर्ने बेला भएको बताएका छन् ।

जिल्ला कार्यसमिति सिन्धुपाल्चोकको कार्यालय बिपी अध्ययन केन्द्र भवनको उद्घाटन तथा नेपाली कांग्रेसका संस्थापक नेता बिपी कोइराला र सिन्धुपाल्चोकका पूर्वसभापतिद्वय स्व. रोहिणीराज सिग्देल र स्व. विकास लामाको शालिक अनावरण कार्यक्रममा महामन्त्री थापाले यस्तो धारणा राखेका हुन् ।

थापाले सबै नेता तथा कार्यकर्तालाई आपसी गुटबन्दीमा समय खर्च नगरी पार्टी सुदृढीकरणमा जुट्न आग्रहसमेत गरे ।

उनले हरेक गाउँ टोलसम्मै पार्टीभित्र चरम गुटबन्दी रहेको बताउँदै गुटबन्दी अन्त्य नभए कांग्रेस खुम्चिँदै जाने निश्चित रहेको बताए । महामन्त्री थापाले राज्यले कृषिक्षेत्रमा लगानी बढाउने गरी नीति अघि सार्नुपर्नेमा जोड दिए । उनले वैदेशिक रोजगारीले जीविकोपार्जन मात्रै भइरहेको बताउँदै कृषि क्षेत्रको विकास नभई देश समृद्ध नबन्ने बताए । रासस

# डिग्रे मन्दिरमा एक लाख दर्शनार्थी

**रुकुम पश्चिम ।**
रुकुम पश्चिमको प्रसिद्ध डिग्रे मेला सम्पन्न भएको छ । कात्तिक २७ गते हरिबोधिनी एकादशीदेखि शुरु भएको मेला शुक्रबार सकिएको हो । मुसिकोट नगरपालिका–५ स्थित डिग्रे शाइकुमारी भगवतीदेविको मन्दिर परिसरमा भव्य मेला लागेको थियो । यो वर्ष एकादशीदेखि पूर्णिमासम्म एक लाख बढी दर्शनार्थीले मन्दिरको दर्शन तथा पूजा पाठ गरेको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष लालबहादुर केसीले जानकारी दिए ।

एकादशीदेखि पूर्णिमासम्म मन्दिरमा पूजापाठ गर्नेदेखि अन्तिम दिन मेला भर्नेसम्म गरेर ती व्यक्ति डिग्रे पुगेको समितिले जनाएको छ । पूजापाठ तथा मेला भर्नका लागि रुकुम पश्चिमसहित छिमेकी जिल्ला रुकुम पूर्व, सल्यान, जाजरकोट, सुर्खेत, रोल्पा, दाङलगायतका छिमेकी देश भारतबाट दर्शनार्थीहरू आएका थिए ।

डिग्रे मन्दिरमा वर्षैभरि पूजापाठ तथा दर्शन गर्नुका साथै बोकाको बलिसमेत चढाउन मिल्छ । वर्षमा पाँच दिन कार्तिक हरिबोधिनी एकादशीदेखि पूर्णिमासम्मका पाँच दिनलाई विशेष दिनका रूपमा लिइन्छ । यस वर्ष भने तिथि घटबढका कारण चार दिन विशेष मेला लागेको थियो । ‘एकादशी र पूर्णिमाका दिन पूजापाठ र दर्शन मात्र गर्न मिल्ने भए पनि अन्य दिन पूजा पाठ, दर्शनसहित बलि चढाउन मिल्छ, एकादशीदेखि नै मेला शुरु भए पनि पूर्णिमाका दिन भव्य मेला लाग्ने गरेको छ,’ मन्दिर व्यवस्थापन समितिका अध्यक्ष केसीले भने । उनका अनुसार लठ्ठी जुधाएर सगाल नाच देखाएसँगै डिग्रे मेला सकिन्छ ।

मेला सकिए पनि मन्दिरमा यो वर्ष कति बली चढे र कति भेटी सङ्कलन भयो भनेर विवरण सङ्कलनको काम जारी रहेको मन्दिर व्यवस्थापन समितिले जनाएको छ । मन्दिरमा लाखौँ भेटी सङ्कलन हुने गरेको छ भने एक हजार बढी बोकाको बली चढ्ने गरेको छ । मुसिकोट नगरपालिकाले हरेक वर्ष मेलाका अवसरमा एक दिन स्थानीय बिदा दिने गरेको छ । डिग्रे मन्दिरमा पूजापाठ गर्नाले मनले चिताएको पुग्ने धार्मिक विश्वास रहेको छ । रासस

# ६०१ हप्ता सरसफाइः फेरिएन बागमती

**काठमाडौं ।**
राष्ट्रको लागि हप्ताको दुई घण्टा स्वयम्सेवा भन्ने नाराका साथ शुरु भएको बागमती सफाइ महाअभियान छ सय एक हप्ता प्रवेश गरे पनि काठमाडौं उपत्यकाका नदीनाला भने सफा हुन सकेको छैन । २०७० जेठ ५ गते शुरु भएको बागमती सफाइ महाअभियान प्रत्येक हप्ताको शनिबार निरन्तर बागमती किनारमा सफाइ हुँदै आएको छ । जति सफाइ गरे पनि बागमती सफा नदेखिएपछि ‘हिँड्दैछ, पाइला मेट्दैछ’ भनेर पनि कतिले यो महाअभियानलाई व्यङ्ग्य गर्ने गरेका छन् ।

शुरुआती चरणदेखि महाअभियानमा जुट्नुभएका अभियानकर्मी किशोरसिंह शाही ढलको व्यवस्था नगरी सिधै फोहर पानी नदीमा हाल्दा जति सफाइ गरे पनि बागमती सफा देखिन नसकेको बताउँछन् । बागमतीको मुहानदेखिकै स्थानीय सरकारले माथिल्लो भेगबाटै आउने फोहर अझै व्यवस्थापन गर्न नसक्नु, पशुपति क्षेत्रको आर्यघाटबाट निस्कने फोहरलाई अझै पशुपति क्षेत्र विकास कोषले व्यवस्थापन नगर्नु र फोहर पानी प्रशोधन केन्द्रले राम्रोसँग काम नगर्नुजस्ता कारणले अझै बागमती सफाइ हुन नसकेको उनको निष्कर्ष छ ।

महाअभियान नागरिकस्तरबाट शुरु गरी जागरण गर्दा पनि स्थानीय सरकारले फोहर व्यवस्थापनमा चासो नदेखाउँदा प्रभावकारी सफाइ हुन सकेको छैन ।

सफाइ अभियानकर्मी चक्रबहादुर चन्द १२ वर्षअघिको अवस्थाबाट बागमतीमा सफाइको अवस्थामा सुधार गर्न सकिए पनि आशातीत काम भने हुन नसकेको बताउँछन् । ढलमुक्त गराउन भने सरकारले नसकेको उनले स्वीकार गरे । अधिकारसम्पन्न बागमती समितिले एक वर्षमा गुह्येश्वरीसम्म ढलमुक्त गर्ने प्रतिबद्धता जनाएको बताए । समितिले गुह्येश्वरीसम्मका छ ठाउँमा ढल मिसिइरहेकामा तीन ठाउँमा बन्द गराइसकेको जनाइएको छ ।

बागमती सफाइ महाअभियानको छ सय एक हप्ताको शनिबारको सफाइ काठमाडौं महानगरपालिका–३१ स्थित आलोकनगरमा गरिएको थियो । बागमती सफाइ अभियानकर्मीको समूहले गरेको सफाइसँगै शनिबार त्यस क्षेत्रका बागमती किनारमा रोपिएका बोट विरुवा गोड्मेल पनि गरिएको थियो । बागमती नदीबाट नकुहिने फोहर पनि व्यवस्थापन गरिएको सफाइ महाअभियानले जनाएको छ । रासस

# खुला सीमाक कारणेँ पर्साक युवा लागुऔषधमे फसल

**वीरगंज ।**
खुला सीमानाकाके कारण पर्साक युवासभ लागुऔषध कुलतमे फइस रहल अइछ । जिला प्रहरी कार्यालय पर्साक अनुसार लागुऔषध मुद्दामे हाल युवासभके संख्या अधिकतम अइछ ।

ग्रिनसिटी सामुदायिक प्रहरी सेवा केन्द्रके अध्यक्ष जयप्रकाश खेतान खुला सीमानासँ अवैध रूपमे लागुऔषध अएलासँ युवासभ कुलतमे फसल बतौलैन । ‘खुला सीमानाकाके कारणेँ स्कुले उमेरसँ अइठामँक युवा कुलतमे अइछ । एखनि युवासभ लागुपदार्थसँ बचेबाक समय आइब गेल अइछ नै त मुश्किल बेसी बइढ़ जाएत ।’

जिला प्रहरी कार्यालय पर्साक प्रहरी नायब उपरीक्षक सुवास भट्ट सेहो युवासभ खास क लागुऔषधमे फसल बतौलैन ।

‘खुला सीमानाकाके कारण सेहो युवापुस्ता लागुऔषधके कुलतमे लागल अइछ । एकरा समाधानक लेल पर्सा प्रहरी सामुदाय प्रहरी साझेदारी कार्यक्रममार्फत विद्यार्थी तथा युवामे सचेतनामूलक कार्यक्रम संचालन करैत आइब रहल अइछ ।’

प्रहरी नायब उपरीक्षक भट्ट कहलैन, ‘पर्साके अधिकांश मुद्दामध्ये लागुऔषधसँ सम्बन्धित अइछ । १५ सँ ४५ वर्ष उमेर समूहके युवासभ लागुऔषधक कुलतमे लागल देखाइत अइछ ।’ ओ कहलैन, ‘देशक लेल आवश्यक युवाशक्ति अपने कुलतमे लागलासँ अइसँ देशकेँ आ परिवारकेँ बेसी क्षति भ रहल अइछ ।’

जिला प्रहरी कार्यालय पर्साक अनुसार आ.व २०७८–७९ मे लागुऔषधसम्बन्धी दु सओ २७ मुद्दा दर्ता छल । जइमे दु सओ ८२ पुरुष आ नौँ महिलाकेँ पकड़ाएल गेल रहए । तहिना, आ.व २०७९–८० मे लागुऔषध सम्बन्धित तीन सओ दुटा मुद्दा दर्ता भेल छल । तइमे तीन सओ ८९ पुरुष आ १३ महिलाकेँ पकड़ाएल छल । तहिना, आव २०८०–८१ मे दु सओ चाइरटा मुद्दा दर्ता भेल । तइमे पुरुष दु सओ ४२ आ महिला १० गोटे पकड़ाएल छल ।

पर्सामे विशेष क गाँजा, चरेस, हेरोइन, अफिम, फेनारगन, डाईजिल्याब, नुर्फिन, नाट्राभेट ट्याब्लेट, कोरेक्सलगायत प्रयोग करैत छइथ । वडा प्रहरी कार्यालय बिर्ताके प्रहरी निरीक्षक निरोज चौलागाईं पर्सा प्रहरी लागुऔषधके दुव्यसनीके विरुद्धमे नियमित रुपमे सचेतनामूलक कार्यक्रम करैत आइब रहल बतौलैन ।

‘पर्सा प्रहरी नागरिक समाजसँ सहकार्य क लागुऔषध सम्बन्धित जनचेतनामूलक कार्यक्रम करैत आइब रहल छैथ,’ ओ कहलैन, ‘खुला सीमानाकाक कारण सेहो लागुपदार्थ दुव्यसनकेँ नियन्त्रण करबाक ल मुश्किल भ रहल अइछ ।’

# कोशी आ गण्डकी प्रदेशक किछु स्थानमे हल्का वर्षाक सम्भावना



**काठमाण्डू ।**
हाल देशभैरमे पश्चिमी वायु तथा पहाडी भू–भागमे स्थानीय वायुक सामान्य प्रभाव कायमे रहल जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखा जनौलक अइछ ।

विभागक अनुसार आइ दुपहर कोशी, बागमती आ गण्डकी प्रदेशक पहाड़ी भू–भागमे कनेक बदलत । बाँकी भू–भागमे मौसम मुख्यतया साफ रहत । कोशी आ गण्डकी प्रदेशक पहाड़ी क्षेत्रमे एक–दु स्थानमे हल्का वर्षाक सम्भावना देखल गेल अइछ । आइ राइत कोशी, बागमती आ गण्डकी प्रदेश पहाड़ी भू–भागमे आंशिक बदली रहत । बाँकी भू–भागमे मौसम साफ रहबाक विभाग जनाकारी देने अइछ ।

अगिला २४ घण्टामे तराईमे भोर आ राइतके धुइत आ कुहेशके सम्भावना भेलासँ कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमे क्षणिक÷आंशिक असर होबाक अनुमान भेलासँ आवश्यक सतर्कता अपनेबाक लेल अनुरोध कएल गेल अइछ ।






# मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना



**मधेशदृष्टि**
**राजविराज ।**
उपनिर्वाचनका लागि सप्तरीको डाक्रेश्वरी नगरपालिकामा आज मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको छ । यही मङ्सिर १६ गते हुने उपनिर्वाचनका लागि डाक्रेश्वरीका वडा नम्बर १ र ४ मा वडाध्यक्ष पदका लागि उपनिर्वाचन हुँदैछ । एक कार्यक्रमका बीच मुख्य निर्वाचन अधिकृत दीपक दाहालले मुख्य निर्वाचन अधिकृतको कार्यालय उद्घाटन गरे । नगरपालिका कार्यालयको भवनमा कार्यालय स्थापना गरिएको हो । सो क्रममा उनले उपनिर्वाचनलाई शान्तिपूर्ण र सफल बनाउन सबैसँग अनुरोध गरे । साथै निष्पक्ष तरिकाले निर्वाचन सम्पन्न गराउन आचारसंहिताको पालना सबैले गर्नुपर्ने उनले उल्लेख गरे । सप्तरीका प्रमुख जिल्ला अधिकारी भोला दाहालको नेतृत्वमा प्रहरी उपरीक्षक ढकेन्द्र खतिवडा, सशस्त्र प्रहरी उपरीक्षक ज्ञानमणि पौडेल, राष्ट्रिय अनुसन्धान प्रमुख सुरेन्द्र कोइरालालगायतले जिल्ला निर्वाचन कार्यालयका प्रतिनिधिहरूले मुख्य निर्वाचन अधिकृतको कार्यालय र मतदान केन्द्रको निरीक्षण तथा अनुगमन गरेका थिए ।

# आँखा शिविर सम्पन्न



**मधेशदृष्टि**
**बारा ।**
जिल्लाको प्रसौनी गाउँपालिका वडा नं. ५ बेलहिया पंचायत घरको प्राङ्गणमा प्रसौनी गाउँपालिका वडा नं.५ र ६ का स्थानीयको निःशूल्क आँखा शिविर सम्पन्न भएको छ ।

मात्रिका आई फाउण्डेशन वीरगंज पानीटंकीको सहयोग तथा नेपाली कांग्रेस प्रसौनी गाउँपालिका ६ को आयोजनामा सम्पन्न शिविरमा करिब २ सयले सेवा पाएका थिए । शौरीशंकर साहको सभापतित्व तथा नेपाली काँग्रेस बाराका जिल्ला सभापति तथा कलैया उपमहानगरपालिकाका पूर्व मेयर राजेश राय यादवको प्रमुख आतिथ्यतमा सम्पन्न भएको थियो । शिविरमा २०५ जना भन्दा बढि व्यक्तिहरुको आँखाको परीक्षण गरिएको थियो, जसमा ६० जनामा मोतियाबिंदु देखिएको थियो । मोतियाबिंदुका बिरामीहरुको निः शूल्क शल्यक्रिया, चस्मा तथा औषधि समेत प्रदान गरिने मात्रिका आई फाउण्डेशनका कोअर्डिनेटर राज किशोर गुप्ताले जानकारी गराए ।

शिविरमा विशिष्ट अतिथिहरू नेपाली काँग्रेसका क्षेत्रीय सभापति सुनिल कुमार गुप्ता, नेपाली काँग्रेस क्षेत्र नं. ४ ख का क्षेत्रीय सभापति लोकेश सिंह, ई.प्र.का. प्रसौनी कार्यालय प्रमुख प्रहरी निरीक्षक सुरेश राज भट्ट, नेपाल तरुण दल बाराका सभापति दिपेन्द्र प्रसाद पटेल, कांग्रेस जिल्ला सदस्यहरू नन्देश पटेल, सुरेश साह, राजकिशोर साह, सोनालाल मण्डल, क्षेत्रीय सह सचिव नाजिर अंसारी, वडा सदस्य प्रमोद प्रसाद कुशवाहा, युवा नेताहरु संतोष कुमार साह, बोधनाथ जैसवाल, उपेन्द्र कुमार यादव, गिरधारी साह, जमुना रामबाबु साह लगायतको सहभागिता रहेको थियो ।


**नेपाल राष्ट्र बैंक**
वीरगञ्ज कार्यालय

## सामान लिलाम सम्बन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना


(प्रथम पटक प्रकाशित मितिः २०८१/०८/०२)
यस कार्यालयको देहाय बमोजिमका शीर्षक अन्तर्गतका सामानहरु जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम विक्री गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति वा फर्महरुबाट बोलपत्र खरिद गरी १६ औं दिन दिउँसो १२ बजे भित्र (उक्त दिन बिदा परेमा कार्यालय खुलेको पहिलो दिन) देहायको शर्तको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । विवरणः

| | लिलाम हुने मालसमान | न्यूनतम मूल्य रु. (मू.अ.कर समेत) |
|---|---|---|
| समूह (क) | अन्य सामान (पुराना कम्प्युटर, एयर कन्डिस्नर, कुर्सी, इन्भर्टर व्याट्री, ग्रास कटर, नोट काउंटिङ्ग मेशिन, फोटोकापि मेशिन, स्टेबेलाइजर, टि.भि. तथा अन्य फुटकर सामानहरु) | १,०२,३५०।९५ (अक्षरेपी एक लाख दुई हजार तीन सय पचास र पैसा पन्चानब्बे मात्र ।) |
| समूह (ख) | सवारी साधन (MAHINDRA SCORPIO JEEP) | ६,२१,५००।- (अक्षरेपी छ लाख एकाईस हजार पाँच सय मात्र ) |

१. लिलाम सिलबन्दी बोलपत्र मिति २०८१ मंसिर १७ गते दिनको २:०० बजे (उक्त दिन विदा परेमा कार्यालय खुलेको पहिलो दिन) यस कार्यालयमा खोलिनेछ ।
२. बोलपत्रका साथ कबोल गरेको रकमको (५) पाँच प्रतिशतले हुन आउने रकम यस कार्यालयको सण्ड्री क्रेडिटर्स हिसाब नं. १७०९९९९-०११-००४-५२४ मा नगद जम्मा गरेको सक्कल भौचर समावेश गर्नु पर्नेछ ।
३. लिलाम सम्बन्धी बोलपत्र स्वीकृत भएको जानकारी दिएको मितिले तीन दिन भित्र सम्झौता गर्नु पर्नेछ । अन्यथा बोलपत्र रद्द गरी धरौटी वापतको रकम जफत गरिनेछ ।
४. समूह क (अन्य सामान) को बोलपत्र फाराम रु.५००।- र समूह ख (सवारी साधन) को बोलपत्र फाराम रु.७००।- (फिर्ता नहुने गरी) बुझाई मिति २०८१ मंसिर १६ गते दिनको ४ बजेसम्म यस कार्यालयको आन्तरिक प्रशासन फाँटबाट लिन सकिनेछ । प्रत्येक समूहको बोलपत्र फाराम छुट्टाछुट्टै बुझाउनु पर्नेछ ।
५. लिलाम हुने सामानहरुको विवरण तथा सोको न्यूनतम मूल्य यस कार्यालयको सूचना पाटीमा टाँस गरिएको छ । लिलाम हुने सामान हेर्न/बुझ्न चाहेमा कार्यालय समयमा कार्यालयको आन्तरिक प्रशासन फाँटमा सम्पर्क राख्न सकिनेछ ।
६. लिलाममा भाग लिने ईच्छुक व्यक्तिले नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र ईच्छुक फर्म वा कम्पनीले आफ्नो ईजाजतपत्र तथा फर्म वा कम्पनी दर्ता प्रमाणपत्र (नवीकरण गरेको), स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।
७. बोलपत्र सम्बन्धी यो सूचना यस बैंकको वेवसाइट www.nrb.org.np मा पनि हेर्न सकिनेछ ।
८. बोलपत्र सम्बन्धी अन्य शर्तहरु नेपाल राष्ट्र बैंक लिलाम सम्बन्धी निर्देशिका, २०६५ (प्रथम संशोधन, २०७४) को अनुसूची ५ (ख) मा उल्लेख गरे बमोजिम हुनेछ ।

निर्देशक
**नेपाल राष्ट्र बैंक**
वीरगंज कार्यालय


# बाली लगाउने बेला सधैँ बीउकै चिन्ता



**मधेशदृष्टि**
**महोत्तरी ।**
जब नयाँ बाली लगाउने बेला भयो, महोत्तरीका किसानलाई बीउको चिन्ता हुन्छ । मौसम र बेलाअनुसार अहिले गहुँ छर्ने तयारी गर्ने बेलामा बीउ के गर्ने भन्ने चिन्ताले यहाँका किसान पिरोलिँदैछन् । 'बेलामा बीउ पाइने ढुक्कका दिन जिन्दगीमा कहिल्यै आएनन्', बर्दिबास–९ पशुपतिनगर बनरझुल्लाका किसान महेन्द्र महतो विरक्तिँदै भन्छन्, 'सधैँ बाली लगाउने बेला भयो कि यसैको चिन्ता !' अब सामान्यत बेलैमा गहुँ छर्न पाइँदा मङ्सिर २२ भित्र सक्नुपर्ने हुँदा अहिलेदेखि नै बीउको चिन्ता परेको उनी बताउँछन् ।

कुनै बालीका लागि नठगिने बीउ पाउने ठाउँ आपूm हरुले नपाएको किसानको गुनासो छ । 'धान होस् कि मकै वा गहुँ, आलु होस् कि अरू कुनै तरकारीका बीउ, यो चाहिँ भरपर्दो हो भनेर चित्त बुझाएर लिन पाइँदैन', महेन्द्रकै छिमेकी अर्का किसान भोला महतो भन्छन्, 'सब भगवान् भरोसे !'

जिल्लाका स्थानीय तहहरुमा कृषि शाखा रहने व्यवस्था भए पनि बाली लगाउने तुक (ठीक बेला) मा नियमित रुपमा बीउ पाइने अवस्था नभएको किसान बताउँछन् । 'कुनै कुनै साल त अनुदानको बीउ आ'को छ भन्ने सुनिन्छ, दौडादौड गर्ने कतिले थोरतिन पाउँछन्, फेरि दुई÷चार वर्ष ती निदाउँछन्', स्थानीय तहका कृषि शाखाबारे टिप्पणी गर्दै गौशाला–११ का किसान अरुण कुशवाहा भन्छन्, 'यो अनुदानको हल्ला पिटिनुभन्दा भरपर्दो बीउ उचित मूल्य तिरेर आवश्यक मात्रामा पाउने सुनिश्चितता भए ढुक्क त हुइथ्यो ।' किसानलाई अनुदानको बीउ कहिले आउँछ भन्नेभन्दा राम्रो बीउ उचित मूल्यमा खोज्दा पाइने भए राहत हुने कुशवाहा बताउँछन् ।

आफ्ना ठाउँ र बजारमा बीउ नपाउँदा महोत्तरीका अधिकांश किसान भारतीय बजारमा निर्भर छन् । उताबाट (भारतीय बजार) ल्याइएको बीउमा कैयौँ पटक ठगिएको किसानको अनुभव छ । तर आपूmकहाँ कुनै भर नहुँदा जेजस्तो पाइए पनि भारतीय बजार नै जानपर्ने बाध्यता रहेको बलवा–१० रौजाबजारका मंसुल कवारी बताउँछन् । 'मकै र तरकारीका बीउ त भारतीय बजारकै भर हो', कवारी भन्छन्, 'आलु र उखु चाहिँ अझै यता पाइँदैछ, धान र गहुँका लागि पनि बाक्लै भारत गएका छौँ ।' कैयौँ पटक भारतीय बजारबाट ल्याइएको बीउमा पनि ठगिएको उनी सम्झन्छन् । 'धेरैजसो मकैको बीउमा यस्तो भएको छ, कति नउम्रने, कति घोगा नलाग्ने, तर यो व्यथा कसले सुनीदिने ?' निराशा पोख्दै उनी भन्छन् । यहाँका किसानलाई एक दशक पहिलेसम्म जिल्ला कृषि विकास कार्यालय र जिल्लाका ठाउँठाउँमा रहेका कृषि सेवा केन्द्र र उपकेन्द्रको सेवा बरु सम्झना हुन्छ । 'कहिलेकाहीँ नमूना भनेर बीउ पनि दिन्थे, बाली हेर्न आइदिनोस् भन्दा जेटी÷जेटिए आइदिन्थे, सल्लाह पाइन्थ्यो', रामगोपालपुर–२ का किसान कादिर हुसैन पुराना दिन सम्झँदै भन्छन्, 'खै गाउँमा सिंहदरवार आयो भन्छन्, हामी किसानका सहुलियतका दिन चाहिँ आएनन् ।'

जिल्लाका १५ स्थानीय तहमध्ये एकाधमा मात्र कृषि शाखा व्यवस्थित छन् । धेरैजसो स्थानीय तहमा कृषिसम्बद्ध कर्मचारी छन् छैनन् ? सर्वसाधारण किसानले थाहा नै पाउँदैनन् । कृषि शाखा सञ्चालनको मुख्य जिम्मेवारी भए पनि स्थानीय तहका नेतृत्वकर्ताको प्राथमिकतामा कृषि नपर्दा आम किसानले परिवर्तनको अनुभूति सँगाल्न नसकेका कृषिक्षेत्रको सरकारी सेवामा सहसचिव पदबाट अवकाश लिनुभएका भङ्गाहा–५ सीतापुरका बासिन्दा कृषिविज्ञ रामबहादुर भुजेल बताउँछन् ।

किसानले राहत पाउन वा कुनै सल्लाह लिन पनि कृषि प्राविधिक नभेटाउने गरेका आम गुनासो छ । जिल्लाको मुख्य पेसा र निर्भरता खेतीमै भए पनि जिम्मेवार तह र व्यक्तिको प्राथमिकतामा यो नपर्दा कृषिक्षेत्र दिनदिनै उपेक्षित हुँदै गएको जिल्लाकै हतिसर्वा सग्रामपुरका बासिन्दा सरकारी सेवाबाट निवृत्त अर्का कृषिविज्ञ जासर यादवको प्रतिक्रिया छ ।

कृषि विषय र शीर्षकमा सङ्घीय र प्रदेश सरकारका बजेटमा रकम विनियोजित भए पनि नाङ्गा खुट्टाका गरिब किसानले त्यसबाट अवसर पाउँदैनन् । ती रकम कागज मिलाएर टाठाबाठाले नै हात पार्ने गरेका अगुवा किसान बर्दिबास–६ चौलिखाका पर्शुराम ठाकुर बताउँछन् । कृषिक्षेत्रको यो अव्यवस्था चिर्न मुख्य रुपले स्थानीय तहहरु नै जिम्मेवार हुनुपर्ने अगुवा किसानको सल्लाह छ । स्थानीय तहहरुले व्यवस्थित कृषि शाखा सञ्चालन गरे सङ्घीय र प्रदेश सरकारका कृषि शीर्षकका रकम समुचित ठाउँमा पुग्ने वातावरण पनि बन्नसक्ने ठाकुरको सुझाव छ । आम किसान भने आफ्नो सरकार र आफ्ना प्रतिनिधि रहेको अनुभूति सँगाल्न समयमा कृषि ज्यावल, बीउबिजन, मलखाद र सहुलियत कृषि ऋणसँगै चाहिएको बेला प्राविधिक सरसल्लाह पाइने दिन पर्खिएको बताउँछन् । रासस

# खुला सीमाले पर्साका युवा लागुऔषधको कुलतमा फसे



**मधेशदृष्टि**
**वीरगंज ।**
खुला सीमा नाकाका कारणले पर्साका युवाहरू लागुऔषधको कुलतमा फस्ने गरेका छन् । जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार लागुऔषध मुद्दामा अधिकांश युवा पर्ने गरेका छन् । खुला सीमानाकाको कारणले भारतबाट सहजै ढङ्गले लागुऔषध भित्रिँदा पनि यसको मारका यहाँका युवा परेका हुन् ।

ग्रिनसिटी सामुदायिक प्रहरी सेवा केन्द्रका अध्यक्ष जयप्रकाश खेतानले खुला सीमानाकाबाट अवैध रूपमा लागुऔषध भित्रिँदा युवाहरू कुलतमा फसेको बताए । 'खुला सीमानाकाको कारणले स्कुले उमेरदेखि नै यहाँका युवा कुलतमा फस्ने गरेका छन्', उनले भने, 'अहिले युवाहरूलाई लागुऔषधको कुलतबाट जोगाउनुपर्ने बेला भइसकेको छ ।'

जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक सुवास भट्टले पनि युवाहरू लागुऔषधको कुलतमा फस्ने गरेको बताए । 'खुला सीमानाकाको कारणले पनि यहाँका युवापुस्ता लागुऔषधको कुलतमा फस्ने गरेका छन्', उनले भने, 'पर्सा प्रहरीले सामुदाय प्रहरी साझेदारी कार्यक्रममार्फत विद्यार्थी तथा युवामा सचेतनामूलक कार्यक्रम गर्दै आइरहेको छ ।'

प्रहरी नायब उपरीक्षक भट्टले पर्साका परेका मुद्दामध्ये अधिकांश लागुऔषधसँग सम्बन्धित रहेको जानकारी दिए । '१५ देखि ४५ वर्ष उमेर समूहका युवाहरू लागुऔषधको कुलतमा पर्ने गरेको देखिएको छ', उनले भने, 'मुलुकका लागि आवश्यक पर्ने युवाशक्ति नै कुलतमा पर्दा मुलुकलाई र परिवारलाई पनि ठूलो क्षति भइरहेको छ ।'

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार आव २०७८÷७९ मा लागुऔषधसम्बन्धी दुई सय २७ मुद्दा परेको थियो । जसमा दुई सय ८२ पुरुष र नौ महिला पक्राउ गरेका थिए । त्यस्तै, आव २०७९÷८० मा लागुऔषध सम्बन्धित तीन सय दुईवटा मुद्दा परेको थियो । जसमा तीन सय ८९ पुरुष र १३ महिला पक्राउ परेका थिए । त्यस्तै, आव २०८०/८१ मा दुई सय चारवटा मुद्दा परेको थियो । जसमा पुरुष दुई सय ४२ र महिला १० जना पक्राउ परेका थिए ।

पर्सामा विशेषगरी गाँजा, चरेस, हेरोइन, अफिम, फेनारगन, डाईजिल्याब, नुर्फिन, नाट्राभेट ट्याब्लेट, कोरेक्सलगायत प्रयोग गर्ने गर्छन् । वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरीक्षक निरोज चौलागाईंले पर्सा प्रहरीले लागुऔषधको दुव्र्यसनीको विरुद्धमा नियमित रुपमा सचेतनामूलक कार्यक्रम गर्दै आइरहेको बताए । 'पर्सा प्रहरीले नागरिक समाजसँग हातेमालो गरेर लागुऔषध सम्बन्धित जनचेतनामूलक कार्यक्रम गर्दै आइरहेको छ', उनले भने, 'खुला सीमानाकाको कारणले पनि लागुऔषधको दुव्र्यसनीलाई नियन्त्रण गर्न मुस्किल भइरहेको छ ।' रासस




## सम्पादकीय

# गढीमाई मेला तीन करोडले दर्शन गर्ने अनुमान

*नेपालमा पाँच वर्षमा एकपटक लाग्ने मेला हो बाराको गढीमाई मेला । यो मेला पशुबलीका लागि विश्वमै प्रसिद्ध छ । हरेक पाँच वर्षमा लाग्ने भएकाले पनि यसको महत्व छ । मंसिर १ गते अर्थात् शनिबारदेखि मेला शुरु भएको छ । महागढीमाई नगरपालिका वडा नम्बर २ बरियापुरस्थित गढीमाई मन्दिरमा मेला लाग्ने गर्दछ ।*

*मेलाको विश्वमै महिमा छ कि यो मेलामा सबैभन्दा बढी पशुबली हुनेछ । शनिबारदेखि शुरु भएको पञ्चवर्षीय गढीमाई मेलामा बिहानैदेखि भक्तजन र दर्शनार्थी पुगेका छन् र पूजापाठ तथा दर्शनमा सहभागी भएका छन् ।*

*अर्कातिर मेला एकमहिना लाग्ने भएकाले करोडौँ भक्तजनको आगमन हुने आयोजकको अपेक्षा छ । मंसिर ३० गतेसम्म अर्थात १ महिनासम्म लाग्ने गढीमाई मेलामा यसपटक २ करोड ५० लाखदेखि ३ करोडसम्म भक्तजन आउने अनुमान गरिएको गढीमाई मेला व्यवस्थापन समितिका अध्यक्ष तथा महागढीमाई नगरपालिकाका मेयर उपेन्द्र प्रसाद यादवले बताए ।*

*गढीमाई मेलामा विशेष पूजा अन्तर्गत मंसिर २३ गते अर्थात डिसेम्बर ८ तारिकमा हुनेछ । यस्तै, बोका बली मंसिर २४ गते अर्थात डिसेम्बर ९ तारिकमा हुने थय भएको छ । गढीमाई मेलामा आउने भक्तजन र दर्शनार्थीको सहजताका लागि मेला क्षेत्रमा निःशुल्क खानेपानी र शौचालय व्यवस्था गरिएको छ । ४० वटा घुम्ती शौचालय र १ हजार अस्थायी शौचालय व्यवस्थापन भएको छ । मेला क्षेत्रमा ठाँउठाँउमा स्वच्छ र शुद्ध खानेपानी प्रबन्ध गरिएको छ । मेला भर्न आउने भक्तजनलाई बरियारपुर र आसपासका गाउँमा बसोबासको प्रबन्धसमेत गरिएको छ ।*

*छिमेकी मुलुक भारतबाट आउने भक्तजनका लागि पर्सा र बाराका हरेक भन्सार नाकामा सहजै प्रवेश प्रबन्ध गरिएको छ । भारतबाट आउने भक्तजनलाई नाकामा सहज प्रवेशका लागि मोटरसाइकल र साना चार पाङ्ग्रे गाडी भन्सार नाकामा इन्ट्रीमात्र गराएर आउन सक्ने तथा ठूला गाडीका हकमा भन्सार दस्तुर तिरेर आउन पाइने प्रबन्ध मिलाइएको छ ।*

*हरेक पाँच वर्षमा एकपटक लाग्ने र नेपाल तथा भारतसँगै अन्य दर्जनौँ देशका भक्तजन आउने भएकाले गढीमाई मेला बारा र सिंगो मधेशसँगै देशकै पनि महिमा र गरिमाको विषय हो । मेलालाई व्यवस्थित र भव्य बनाउने काममा महागढीमाई नगरपालिका र अन्य विभिन्न समितिहरु सक्रिय भएका छन् ।*

*मेलास्थलमा भेन्टिलेटर सेवासहितको १० वटा स्वास्थ्य उपचार शिविर सञ्चालन गरिनेछ । १० वटा एम्बुलेन्स र १० वटा वारुण यन्त्र राखिने आयोजकले जनाएको छ । मेला नेपालकै गौरव र शानको विषय हो । तपाईं पनि यसपटक गढीमाई मेलामा सरिक हुन सक्नुहुनेछ । यो खबर अरुलाई पनि साझा गर्न सक्नुहुनेछ ।*

# नेतृत्व सचेत नभए सिस्टमबाहिरबाट नेतृत्व



जैनेन्द्र जीवन

हुन त अहिले हामीसँग संविधान छ, सरकार छ । हामी राजनीतिक स्थिरताका कुरा पनि गरिराखेका छौं । सबै हिसाबबाट सतहमा हेर्दाखेरि सबै ठिकठाक छ । तर नागरिकको हिसाबबाट हेर्दा एकदमै चरम निराशा छ। एकदमै शून्यता छ, कुनै पनि हिसाबबाट भरोसायोग्य भएन, मेरो भाग्य पनि भएन, मेरो भविष्य पनि भएन भन्ने मात्रै भाष्य स्थापित भएको छ। यसमा मेरो तीन वटा किसिमका उत्तर छन्।

एउटा संविधान संरचनाको कुरा छ । त्यसमा पनि यो सर्वसम्मत आएको होइन। हेर्नुस् यो एउटा सम्झौता, त्यति बेला संविधानसभा पूर्ण बहुमतबाट पास भए पनि कतिपय जस्तो संघीयतालगायतका विवादास्पद मुद्दाहरू जनमत विपरीत एउटा छ। आम जनताबाट सुझाव एउटा आएको छ। त्यस विपरीत थोपरिएको र त्यसको वकालत गर्ने पार्टीहरूले हाम्रो उपलब्धि नै त्यही हो भन्न थालेका छन् । जबकि जनताले त्यसलाई उपलब्धि मान्दैनन् , बरु विवादको चुरो ठान्छन्।

अर्को, संविधान संरचनाले दुई–दुईचोटि संविधानसभा बनायो, त्यो ठिक छ। एउटा परिवर्तन ल्याउनु थियो मुलुकमा। अहिलेलाई लोकतन्त्र सुरक्षित छ भन्ने भयो । अर्को, संरचनाले मात्रै पनि हुँदैन, के संरचना चलाउने ?ड्राइभर कस्तो हुन्छ ? गाडी त एकदम राम्रो हामीले ल्याउँला तर त्यो चलाउने मान्छे कस्तो छ ? त्यसमा भर पर्छ।

राजनीतिक सीटमा बसेकाहरू कोही गतिला भएनन्। र हरेक सङ्गठनमा लिडरसीप क्राइसिस भयो । त्यसको फाइदा उठाउन केही मान्छेहरू विकल्प हामी हौँ भनेर आए। हुँदाहुँदै अहिले राजनीतिमा नलागे पनि भोलि राजनीतिमा आशिका तामाङ जस्तो सडकबाटै हरेक कुराको समाधान चाहन्छन् । लोकप्रियतावादमा विश्वास गर्छन्।

कानून नियमसँग मतलब छैन। मानिसको निराशा र दुखलाई भजाएर यस्ता किसिमका मान्छेहरू आएका छन्। यसले गर्दा अब राजनीतिमा ठूलो सुधारको आवश्यकता देखिराखेको छ। प्रणालीमा पनि देखिएको सुधार गर्नुपर्छ। अहिले संविधान संशोधन गर्नुपर्छ भन्ने कुरा पनि आएको छ । दुई प्रमुख दलहरूले सरकार बनाउँदा पनि संविधान संशोधन गर्नुपर्छ भनेका छन्। यो खाली एउटा देखावटी भन्नको लागि मात्र हैन। गठबन्धनको औचित्य साबित गर्न मात्र हैन। वास्तवमै त्यो गर्नुपर्ने भएको छ। तर उहाँहरू त्यसमा कत्तिको इमानदार हुनुहुन्छ?

हामी भन्छौँ– यो प्रदेश, संघीयता चाहिँदैन तर उहाँहरूले थ्रेसहोल्डमा जोड दिनु भएको छ। थ्रेसहोल्ड पनि समस्या हो। थोरै थ्रेसहोल्ड राखेर गर्दा हुन्छ । त्यसैले संविधानभित्रैबाट संशोधन गरेर बिस्तारै यी कुराहरू गर्दै जानुपर्छ । र नेतृत्वले देशलाई सुशासन गराउन सक्ने समृद्धि दिन सक्ने त्यो अहिले देखिँदैन । अब पुष्पकमल दाहाल, शेरबहादुर देउवा, केपी शर्मा ओली यतिका वर्ष प्रधानमन्त्री भइसक्नु भयो। अब के हुन्छ त उहाँहरूबाट। 'अब म प्रधानमन्त्री हुँ, मेरो स्वास्थ्यले साथ दिउन्जेलसम्म म र मेरा वरपरका आसेपासेहरूलाई सुरक्षित स्थान दिऊँ, बनाइदिऊँ। भोलि चुनाव जित्न शक्ति, स्रोत र पैसा सङ्कलन गरौँ । चुनाव जितेर आऊँ' भन्ने उहाँहरूले अब गर्न सक्ने केही छैन। त्यसैले पुस्तान्तरण गरेर अहिलेको चुनाव हारे पनि १० वर्षपछि भए पनि फर्केर आएर राजनीति गर्न सक्छु, देश बनाउँछु भन्ने पुस्ता चाहियो।

अहिले आएका गगन थापा, विश्वप्रकाशहरू छन् तर भोलि उनीहरू नबिग्रेलान् त भन्न सकिँदैन। नत्र के मा आस गर्ने त ? यहि पारामा जितेर आउँछन् , आफ्नो स्वार्थको लागि सत्तामा पुग्छन्। गठबन्धन गरिरहन्छन्। यसै छोड्ने हो कि सामना गरेर अगाडि बढ्ने हो त ?

अब सिस्टमबाहिरबाट त नेतृत्व कोही आउँछ। राजा आउँछ भन्दा राजाले गरेको पनि हामीले देखेका छौँ। राजाले सुशासन दिने भ्रष्टाचार रोक्ने भएको भए त यस्तो हुँदै हुँदैनथ्यो।

स्थानीय तहदेखि माथिसम्म नीतिगत भ्रष्टाचार गर्ने, मन्त्रिपरिषद्बाट नीतिगत निर्णय भन्दै करोडौं, अरबौँका ठेक्काहरू हात पारेर आफ्नो मान्छेलाई पार्ने चुनावका लागि पैसा जम्मा गर्ने काम भएको छ । अब त्यसमा सुधार गरेर जानुप¥यो र नेतृत्व फरक खोज्नु प¥यो।

कांग्रेसका उपसभापति धनराज गुरुङले निराश पार्नुभयो । भोलि कांग्रेस पार्टीको नेतृत्वमा पुग्न सक्ने भनेको मान्छे कस्तो एक्टिभ, जता पनि कोही कांग्रेस पार्टी कार्यकर्ताको घरमा आमा बितेको ठाउँमा पुग्ने मान्छे अहिले आर्थिक अपचलनमा पर्नुभयो। अब त्यसबाट चोखिन सक्नुहुन्छ कि हुन्न ?

सहमहामन्त्री बद्री पाण्डे व्यक्तिगत रूपमा राम्रो भन्ने रिपोर्टहरू आएका छन्। तर शासकीय कुशलता भएन त्यो सिक्नु प¥यो उहाँले। खाली आदर्श भएर मिठो बोली बोलेर मात्र भएन। प्रदीप पौडेलमा केही गरौँ भन्ने हुटहुटी छ। उहाँ पहिलो पटक मन्त्री हुनु भएकोले यसअघिको अनुभव छैन। त्यसमा कुन चिज कस्तो भन्ने थाहा छैन।

गगन थापा पहिलोचोटि स्वास्थ्यमन्त्री हुँदा विज्ञहरूको टोली बनाए । बजेट छ कि छैन यो कुरा गर्नुपर्ने रहेछ भन्ने सुनेर आफूले निर्णय गरे। उनीसंग निर्णय क्षमता छ। देशमा ०४६ सालभन्दा अगाडि कति बाटाघाटा थिए ? कति स्कुल थिए ? कति हस्पिटल थिए ? नेपाली औषधि उपचार गर्न दिल्ली जानुपथ्र्यो । गाउँ गाउँमा बाटो पुगेका छन् । यी तथ्यांकले भन्छ– हुँदै नभएको पनि होइन।

वैदेशिक ऋणले मात्रै त्यो भएको हैन । कोही कांग्रेसका मन्त्रीहरू पैसा कमाउनतिर लागे। गिरिजाबाबुले कहिले पनि सुशासनका कुरा पढ्नु नै भएन। त्यो पार्टी विधिको शासनमा अलिकति चुकेकै हो। त्यो बेला उहाँले बौद्धिक नेतृत्व लिनु भएको भए अहिले यो अवस्था आउने थिएन होला। तर त्यति बेला लिएको उदार नीतिले नै यो देशमा एयरलायन्सहरु आएका हुन्। नेपालीले पासपोर्ट पाएर विदेश जान पाएका हुन्। बाहिर जानु नै नराम्रो भन्ने हैन। अमेरिकातिरका मानिसहरू पनि बाहिर जान्छन्। चिनियाँहरू पनि आफ्नै देशमा विकास हुँदा पनि कमाउन बाहिर गएका छन्।

अहिलेको पुस्ताको नेतृत्वका ओलीको अलिकति बौद्धिकता त छ तर गुट बनाउने र प्याच्च बोल्ने बानी छ। प्रचण्डको जसरी पनि सत्तामा जाने। पुरानाप्रति मान्छे विरक्त भएर निराश भएर नै त्यसैको भोट राष्ट्रिय स्वतन्त्र पार्टी लगायतका स्वतन्त्र पार्टीले पाएका हुन्। तर अहिले बालेनको आफ्नै छुट्टै भिजन छ। दल खोल्लान् नखोल्लान् तर जुनसुकै हिरो भए पनि राष्ट्रपति भन्दा बाहेक अहिले हाम्रो दलीय व्यवस्थामा उहाँले भोलि के गर्नुहुन्छ थाहा छैन । हर्क साम्पाङको बौद्धिक प्रदर्शनमा खडेरी छ । रास्वपाको कुरा गर्दा यसले जति निराश कुनै पार्टीले बनाएन।

कांग्रेस एमाले बिग्रिन ३५ वर्ष लाग्यो । उनीहरू त्यो भन्दा अगाडि त क्रान्ति गरेर आन्दोलन गरेर पञ्चायत विरुद्ध लडेर जेलनेल खाएर, दुख पाएर, जागिर खान नपाएर, सर्वस्वहरण भएर लोकतन्त्रका लागि भएका आएका हुन् । उनीहरू त आज आएर यस्तो भए भने यी रास्वपा त फौजदारी एकपछि अर्को मुद्दा लागेको, ठगीको मुद्दा लागेको र कानूनी प्रक्रियामा जाँदा पनि खाली स्टन्टबाजी गर्ने, अर्कालाई कराउने, हरेक कुरामा विवाद छ। भोलि आफ्नो कुरामा सफाइ दिने, नम्र भएर प्रस्तुत हुनु त कहाँ हो कहाँ आफैँ अगाडि बढेर पहिलेकाले यसो गरेका थिए, हामीलाई यस्तो भन्ने भनेका छन्।

गाउँ गाउँमा यी नै ठूला पार्टीका कार्यकर्ता मतदाता छन् । नेपालमा बंगलादेशको तुलना गर्नु हुँदैन । सेख हसिनाको अत्याचार धेरै थियो। नेपालमा त कांग्रेस एमालेले घर घरमा पुगेर अत्याचार त गरेका छैनन्। काम गरेनन् भन्नेमा निराशा बढेको हो। शुद्धीकरण अब दल भित्रैबाट आउनु पर्छ। अहिले नभए अर्को पुस्ताबाट आउँछ। नागरिक समाजले खबरदारी गर्दै जानुपर्छ।

# अर्थतन्त्रको आकार, राष्ट्रिय ऋण भार तथा सञ्चित विदेशी मुद्रा



विनोद सिजापती

अर्थमन्त्रीले आर्थिक वर्ष २०२४/२५ को बजेट भाषणमा उल्लेख गरेअनुसार विगत १६ वर्ष (२००७÷८ देखि २०२३/२४)को अवधिमा नेपाली अर्थतन्त्रको आकार १४ गुणा ठूलो भएको छ । नेपाल राष्ट्र बैंकले प्रकाशन गरेको तथ्यांकअनुसार सन् २०२२/२३ मा २ प्रतिशतका दरले बढेको अर्थतन्त्रको आकार २०२३/२४ मा ३.५ प्रतिशतले बढेको थियो।

राष्ट्रिय अर्थतन्त्रको आकार मापन कुल राष्ट्रिय गार्हस्थ्य उत्पादन (जीडीपी)का आधारमा गरिन्छ। यस पद्धतिको निर्माण सन् १९३४ मा नोबेल पुरस्कार विजेता (१९७१) रुसी मूलका अमेरिकी प्राध्यापक साइमन कुज्नेटले गरेका थिए। कुनै पनि राष्ट्रको जीडीपी मापन सही हुन्छ÷हुँदैन भन्ने विषय विवादित छ। त्यसैगरी बहसको अर्को विषय छ– जीडीपीले वास्तविक अर्थतन्त्रको तस्वीर प्रस्तुत गर्छ/गर्दैन भन्ने।

संक्षिप्तमा भन्ने हो भने यस पद्धतिका आधारमा अर्थतन्त्रको मूल्यांकन गर्ने परिपाटी आलोचित छ । विडम्बना, उत्तम विकल्पको अभावकै कारण जीडीपीलाई नै आधार बनाएर राष्ट्रिय आर्थिक अवस्था नियाल्ने, विश्लेषण गर्ने तथा भविष्यवाणी गर्ने विश्वव्यापी प्रचलन हाबी छ। कुनै पनि राष्ट्रिय महत्त्वको आर्थिक, सामाजिक एवं भौतिक सूचक, जस्तैः राष्ट्रिय ऋण, वैदेशिक सञ्चित मुद्रा, व्यापारलगायत सरकारले शिक्षा, स्वास्थ्यलगायत भौतिक पूर्वाधार आदिमा गर्ने खर्च÷लगानीको आकारलाई जीडीपीसँग तुलना गरिन्छ।

विगत ६ दशकभन्दा लामो अवधिमा लगातार कुनै पनि दुई वर्ष जीडीपी एकै दरमा बढ्न सकेको छैन। नेपाली जीडीपी वृद्धिदरको ग्राफ हिमालको शृंखलाजस्तै देखा पर्छ। हालसम्म हासिल भएको सबैभन्दा उच्च आर्थिक वृद्धिदर ९.७ प्रतिशत (सन् १९९५/१६) थियो । हासिल भएको सबैभन्दा न्यून वृद्धिदर ऋणात्मक २.४ प्रतिशत (आर्थिक वर्ष २०१९/२०) हो।

ठूला राजनीतिक दलले जारी गरेका घोषणापत्रमा लगातार उच्च आर्थिक वृद्धिदर कायम गर्ने प्रतिबद्धता पाइन्छ। छोटो अवधिमै देशलाई अविकसितबाट विकसित तुल्याउने लक्ष्य हासिल गर्न एमाले तथा माओवादीले 'दुई अंकको आर्थिक वृद्धिदर हासिल हुने' लक्ष्य राख्दै आएका छन्। कांग्रेसले औसत ७ प्रतिशतको दरलाई लक्ष्य मान्दै आएको छ।

दोस्रो जनआन्दोलनको सफलतापछि राष्ट्रिय अर्थतन्त्रको व्यवस्थापन जिम्मेवारी कम्युनिस्ट पृष्ठभूमिका अर्थमन्त्रीले पाउँदै आएका छन्। प्रायः सबै अर्थमन्त्रीले ७ प्रतिशतभन्दा उच्च जीडीपी वृद्धिदर हासिल हुने थेगोलाई निरन्तरता दिँदै आएका छन् । वार्षिक ७ प्रतिशतका दरले जीडीपी बढेको खण्डमा एकै दशकमा राष्ट्रिय अर्थतन्त्रको आकार दुई गुणा बढ्छ। विगत १६ वर्षको अवधि (२००६/०७ देखि २०२२/२३) मा अर्थतन्त्रको आकार औसत ४ प्रतिशत हाराहारी बढेको पाइन्छ।

लगानी बढेपछि मात्र आय बढ्ने प्राकृतिक नियम हो । जति धेरै लगानी राष्ट्रले उत्पादनशील क्षेत्रमा गर्न सक्छ, त्यति नै अर्थतन्त्रको आकारमा सकारात्मक प्रभाव पर्छ, अर्थतन्त्रको आकार बढ्छ । हाम्रोमा वैदेशिक लगानी अत्यन्त न्यून (जीडीपीको १ प्रतिशतभन्दा कम) छ । अर्थतन्त्रमा निजी क्षेत्रको योगदान ८० प्रतिशत छ। निजी क्षेत्रको लगानी व्यापारिक क्षेत्रोन्मुख छ । झन्डै २० प्रतिशत खर्च गर्ने सरकारी क्षेत्रको पुँजीगत लगानी उत्साहबद्र्धक छैन।

सरकारले गर्ने चालु खर्च अनियन्त्रित भएर आकासिँदै छ । पुँजीगत खर्चको आकार खुम्चने क्रममा छ । विगत चार वर्ष (२०१९/२० देखि २०२२/२३) को सरकारी खर्च नियाल्ने हो भने कुल सरकारी खर्चको ८ प्रतिशत मात्र पुँजीगत खर्च भएको पाइन्छ । विनियोजित पुँजीगत खर्च रकमको ४१ प्रतिशत मात्र खर्च हुने गर्छ। पुँजीगत खर्चको अंश क्रमिक रूपमा घट्दै जीडीपीको ३ प्रतिशतभन्दा थोरै छ।

सरकारले संकलन गर्ने राजस्व २०२०/२१ जीडीपीको २२ प्रतिशत थियो। आर्थिक वर्ष २०२३/२४ आइपुग्दा राजस्व संकलन जीडीपीको १९ प्रतिशतको हाराहारीमा खुम्चिएको छ। यथास्थितिमा राजस्व संकलन बढ्ने सम्भावना न्यून हुँदै छन्, जबकि सरकारी खर्च भने अनियन्त्रित रूपमा बढ्नेक्रम जारी छ। बजेट घाटा बढ्नेक्रममा छ।

विगत चार वर्ष (२०१९–२०२३) को लामो अवधिमा बजेट घाटा औसत जीडीपीको ४ प्रतिशतको हाराहारी भएको पाइन्छ। आर्थिक वर्ष २०२०÷२१ मा बजेट घाटा चुलिएर जीडीपीको ९ प्रतिशत पुगेको थियो। विगतमा सरकारलाई उपलब्ध भएको वैदेशिक सहयोगले बीचको खाडल पूर्ति गर्ने गथ्र्यो । विगत केही दशकदेखि वैदेशिक सहयोगलाई ऋण सहयोगले विस्थापित गर्दै छ अर्थात् ऋण बढ्ने र अनुदान रकम घट्दोक्रममा छ । वैदेशिक ऋणका अतिरिक्त सरकारले आन्तरिक ऋण लिएर खर्च जुटाउने गर्छ । त्यसरी राज्यले लिने ऋणमध्ये वैदेशिक तथा राष्ट्रिय ऋण रकमको हिस्सा बराबरी हुने अवस्था छ।

वैदेशिक व्यापार सदासर्वदा घाटा हुने गरेको छ। औसत १० रुपैयाँ बराबरको निर्यात गर्दा ९० रुपैयाँ बराबरको वस्तु तथा सेवा आयात गर्छौं। अन्तर्राष्ट्रिय व्यापार बिस्तारबाट आवश्यकताअनुरूप वैदेशिक मुद्रा आर्जन गर्ने सम्भावना शून्य छ। पसिना बगाएर उत्पादित सामग्री निर्यात गर्ने क्षमताको अभावमा हामी श्रमिक नै निर्यात गरिरहेका छौँ । नेपाली श्रमिकले विदेशी भूमिमा बगाएको रगतपसिनाका कारण वैदेशिक मुद्रा भण्डारण चुलिन थालेको हो।

माथि उल्लेख गरिएको आर्थिक परिप्रेक्ष्यमा चुलिँदै गरेको सञ्चित वैदेशिक मुद्राको भण्डारलाई हेर्नु आवश्यक हुन्छ। सन् २०१८ मा सबैभन्दा उच्च अर्थात् जीडीपीको ६ प्रतिशतको हाराहारी वैदेशिक मुद्रा सञ्चय भएको थियो। सन् २०२२ मा उक्त रकम घटेर जीडीपीको ३ प्रतिशत मात्र थियो। सन् २०२४ मा सञ्चित मुद्रा दाखिला अमेरिकी डलर १६ अर्बको हाराहारी अर्थात् जीडीपीको ४ प्रतिशत पुगेको छ। वस्तु आयातको हिसाबले उक्त रकमले १३.७ महिनाको आयातलाई धान्न सक्छ। यति ठूलो परिमाणमा वैदेशिक मुद्रा भण्डारण हुनाको प्रमुख कारण विप्रेषण रकम, पर्यटक आगमनमा वृद्धि तथा आयात व्यापारमा केही कमी आउनाले गर्दा हो।

आर्थिक तथा राजनीतिक दृष्टिले हेर्ने हो भने आयात आश्रित नेपाली अर्थतन्त्रका निमित्त सञ्चित वैदेशिक मुद्रा राशि बढ्दा राष्ट्रिय मनोबल बढ्नु स्वाभाविक हो । छिमेकी राष्ट्रबाट विभिन्न बहानामा घोषित÷अघोषित आर्थिक नाकाबन्दी भोगेको राष्ट्रका निमित्त वैदेशिक मुद्रा भण्डारण अनिवार्य हुन्छ । आयातित कृषि सामग्री, उपकरण,उपभोग्य वस्तु तथा निर्माण सामग्री खरिद आदीको आपूर्ति वैदेशिक मुद्राबाट नै हुने हो।

सरकारी तथ्यांक अनुसार १६४ राष्ट्रबाट उपभोग्य वस्तु तथा सामग्री नेपालमा आयात हुने गरेको छ । आयातित सामग्री सुलभ आपूर्ति हुने हुँदा नै त्यस्ता वस्तु उपभोक्ताको पहुँचमा हुन् । आयातित वस्तु खरिद तथा तिनको यातायात भण्डारण खर्च बेहोर्नेसमेत वैदेशिक मुद्रा अनिवार्य हुन्छ।

आवश्यकभन्दा बढी सञ्चित पुँजी भण्डार हुनु प्रत्युत्पादक हुन्छ । थुप्रेको धनलाई खर्च गर्ने क्षमताको अभाव पनि मान्न सकिन्छ। 'पैसाले पैसा तान्छ' भन्ने नेपाली उक्ति छ। तर सञ्चित अवस्थामा रहेको पैसाले अर्को पैसा तान्न कदापि सक्दैन। पैसा लगानीपछि मात्र त्यसले नयाँ पैसा सिर्जना/उत्पादन गर्छ । कुनै एक व्यक्ति वा घरपरिवारले गरेको खर्च अर्को व्यक्ति अथवा घरपरिवारका लागि आयस्रोत हुन्छ। राष्ट्र बैंकको भण्डारणमा रहेको पैसाले राष्ट्रको आय वृद्धि गर्न सक्दैन। नयाँ पुँजीको निर्माण हुने त प्रश्न नै आउँदैन। अध्ययनहरूले साबित गरेअनुसार कुनै पनि राष्ट्रका निमित्त सञ्चित वैदेशिक मुद्रा भण्डारण त्यस राष्ट्रको तीन महिनाको आयात आपूर्ति धान्न सक्ने परिस्थितिलाई उत्तम ठहर गरेका छन्।

माथि उल्लेखित परिप्रेक्ष्यमा नेपालका निमित्त नौ महिना सीमा व्यावहारिक हुन्छ। अतिरिक्त सञ्चय रकमले कसैको पनि हित गर्दैन, त्यो प्रत्युत्पादक ठहरिन्छ। सरकारको मातह रहेको तरल सम्पत्तिको विवेकसम्मत खर्च गरिनु देशको अर्थतन्त्रका निम्ति अनिवर्य सर्त हो।

नेपाल राष्ट्र बैंकको एक अध्ययनअनुसार देशको अर्थतन्त्रका निमित्त राष्ट्रिय ऋण सीमा जीडीपीको ३५.४४ प्रतिशतको सीमाअन्तर्गत रहनुलाई सबैभन्दा उपयुक्त अवस्था ठहर गरेको छ । वर्तमान कालखण्डमा राष्ट्रिय ऋणभार ४३.३४ प्रतिशत पुगेको छ। सञ्चित विदेशी मुद्रा खर्च गर्ने अनेक विकल्पमध्ये भाका पुग्न लागेको राष्ट्रिय ऋण समयअगावै तिर्ने पहलकदीमीले अर्थतन्त्रको हित हुने देखिन्छ । केन्द्रीय बैंकमा भण्डारण गर्नुभन्दा राष्ट्रिय ऋण भार घटाउन उपयोग गर्दा अर्थतन्त्रको हित हुने देखिन्छ। अर्को विकल्प, निजी क्षेत्रले लिएको वैदेशिक ऋण सरकारले तिरेर त्यसबापत त्यस्ता निकायको शेयर सरकारले नै खरिद गरेको खण्डमा पनि अर्थतन्त्रलाई लाभ नै हुने छ। उकालो

मधेशदृष्टि दैनिकमा समाचार सामग्री, लेख, विचार र टिप्पणी madheshdristi@gmail.com मा इमेल पठाउन सक्नुहुनेछ। सामग्रीले सान्दर्भिकताअनुसार प्राथमिकता पाउनेछ। बिहान ४:५० बजे नै www.emadheshdristi.com मा पत्रिकाको पिडिएफ पढ्न सक्नुहुनेछ।

### स्थानीय तह उपनिर्वाचन

# आइतबार बिहान १० देखि अपराह्न ५ बजेसम्म मनोनयन




**अशोक घिमिरे**
**काठमाडौँ ।**
यही मङ्सिर १६ गते हुने स्थानीय तह उपनिर्वाचनका लागि आइतबार मनोनयन पत्र दर्ता हुँदैछ । बिहान १० देखि अपराह्न ५ बजेसम्म सम्बन्धित स्थानीय तहमा स्थापना भएका निर्वाचन अधिकृतको कार्यालयमा उम्मेदवारको मनोयन दर्ता हुने निर्वाचन आयोगका सहसचिव एवं प्रवक्ता नीता पोखरेल अर्यालले जानकारी दिए ।

सोही दिन साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको सूची प्रकाशन हुनेछ । उम्मेदवारको मनोनय दर्ताको सम्पूर्ण तयारी पूरा भएको आयोगले जनाएको छ । उपनिर्वाचनका लागि शुक्रबार ३८ वटा निर्वाचन अधिकृतका कार्यलय स्थापन भएका छन् । उपनिर्वाचन हुने स्थानीय तहमा ३२ वटा मुख्य निर्वाचन अधिकृतको कार्यालय र छ वटा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिएको निर्वाचन आयोगले जनाएको छ ।

उपनिर्वाचन हुने सम्बन्धित स्थानीय तह तथा वडाको केन्द्र रहेको स्थानमा निर्वाचन अधिकृतका कार्यालय स्थापना गरिएको आयोगका प्रवक्ता अर्यालले जानकारी दिनुभयो ।

मङ्सिर ३ गते बिहान १० देखि अपराह्न ३ बजेसम्म उम्मेदवारको विरोधमा उजुरी दिने, सोही दिन अपराह्न ३ बजेपछि मनोनयपत्र र उजुरीमाथि जाँचबुझ एवं निर्णय गरी मङ्सिर ४ गते साँझ ५ देखि ६ बजेसम्म उम्मेदवारको नामावली प्रकाशन हुनेछ ।

मङ्सिर ५ गते बिहान ९ देखि अपराह्न १ बजेसम्म उम्मेदवारले नाम फिर्ता लिन सक्ने छन् । सोही दिन दिउँसो १ देखि ३ बजेसम्म अन्तिम नामावली प्रकाशन गरी दिउँसो ३ देखि ५ बजेसम्म उम्मेदवारलाई निर्वाचन चिह्न प्रदान गरिने छ । मङ्सिर १६ गते बिहान ७ देखि अपराह्न ५ बजेसम्म मतदान हुनेछ ।

विभिन्न कारणले स्थानीय तहमा रिक्त जिल्ला समन्वय समितिका प्रमुख दुई, गाउँपालिका अध्यक्ष दुई, उपाध्यक्ष चार, नगरपालिका प्रमुख र उपप्रमुख एक÷एक र वडाध्यक्ष ३४ गरी जम्मा ४४ रिक्त पदमा निर्वाचन हुँदैछ ।

निर्वाचन आयोगका अनुसार ओखलढुङ्गा र कैलालीका जिल्ला समन्वय समिति प्रमुख, काठमाडौँको कीर्तिपुर नगरपालिकाका प्रमुख,जाजरकोटको नलगाड नगरपालिकाका उपप्रमुख, मोरङ¬को ग्रामथान गाउँपालिका र दैलेखको महाबु गाउँपालिका अध्यक्ष तथा दोलखाको गौरीशङ्कर गाउँपालिका, रुकुम पूर्वको पुथा उत्तरगङ्गा गाउँपालिका, हुम्लाको सर्केगाड गाउँपालिका र बाजुराको स्वामीकार्तिक खापर गाउँपालिकाका उपाध्यक्ष पदका लागि निर्वाचन हुनेछ ।

ताप्लेजुङको सिरिजङ्गा गाउँपालिका–३, झापाको कन्काइ नगरपालिका वडा नं ६, तेह्रथुमको लालीगुराँस नगरपालिका वडा नं ८, सुनसरीको गढी गाउँपलिका वडा नं ६, ओखलढुङ्गाको मोलुङ गाउँपालिका वडा नं ५, उदयपुरको त्रियुगा नगरपालिका वडा नं १२ र बेलका नगरपालिका वडा नं ९, सप्तरीको डाक्नेश्वरी नगरपालिका वडा नं १ र ४, धनुषाको धनुषाधाम नगरपालिका वडा नं १, महोत्तरीको रामगोपालपुर नगरपालिका वडा नं २, रौतहटको ईशनाथ नगरपालिका वडा नं ७, ◌ाजपुर नगरपालिका वडा नं ६ र गढीमाई नगरपालिका वडा नं ८ को वडाध्यक्ष पदका लागि निर्वाचन हुनेछ ।

काठमाडौँको कीर्तिपुर नगरपालिका वडा नं १ र ४, काठमाडौँ महानगरपालिका वडा नं १६, नुवाकोटको ककनी गाउँपालिका वडा नं २, मकवानपुरको हेटौँडा नगरपालिका वडा नं १२, गोरखाको गोरखा नगरपालिका वडा नं ५, गुल्मीको मुसिकोट नगरपालिका वडा नं १, रोल्पाको रुन्टीगढी गाउँपालिका वडा नं ४, बर्दियाको ठाकुरबाबा नगरपालिका वडा नं ४, रुकुम (पूर्वी) पुथा उत्तरगङ्गा गाउँपालिका वडा नं २ र कपिलवस्तु शुद्धोधन गाउँपालिका वडा नं १ का वडाध्यक्ष पदमा निर्वाचन हुने आयोगका सूचना अधिकृत सुमन घिमिरेले जानकारी दिए ।

दैलेखको दुल्लु नगरपालिका वडा नं १३, कालिकोटको तिलागुफा नगरपालिका वडा नं ४, जाजरकोट कुशे गाउँपालिका वडा नं ७, डोल्पाको त्रिपुरासुन्दरी नगरपालिका वडा नं ५, रुकुम (पश्चिम) सानीभेरी गाउँपालिका वडा नं ५, बझाङको सुर्मा गाउँपालिका वडा नं ४, डोटीको पूर्वीचौकी गाउँपालिका वडा नं ६, दार्चुलाको दुहुँ गाउँपालिका वडा नं ५ र कञ्चनपुरको भीमदत्त नगरपालिका वडा नं ६ का वडाध्यक्ष पदका लागि निर्वाचन हुनेछ ।

स्थानीय तह निर्वाचन ऐन, २०७३ मा जिल्ला समन्वय समितिका प्रमुख, उपप्रमुख, गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, नगरपालिका प्रमुख, उपपप्रमुख र वडाध्यक्षको पदावधि समाप्त नहुँदै निजको पद कुनै कारणले रिक्त भएमा र एक वर्षभन्दा बढी पदावधि बाँकी रहेको अवस्थामा बाँकी अवधिका लागि उपनिर्वाचनद्वारा पदपूर्ति हुने व्यवस्था छ ।

#### पुरुषले कार्यभार सम्हालेका महिला उम्मेदवार

आयोगले २०७९ सम्पन्न स्थानीय तह निर्वाचनमा गाउँपालिकाको अध्यक्ष वा उपाध्यक्ष, नगरपालिकाको प्रमुख वा उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख वा उपप्रमुख पदमा पुरुष उम्मेदवार निर्वाचित भई कार्यभार सम्हाली रहेका स्थानीय तहको रिक्त पदमा महिला उम्मेदवार रहने गरी मनोनयन पत्र पेस गर्न राजनीतिक दललाई निर्देशन दिएको छ ।

आयोगको निर्देशनअनुसार जिल्ला समन्वय समिति कैलाली, जाजरकोटको नलगाढ नगरपालिका उपप्रमुख, दोलखाको गौरीशङ्कर, हुम्लाको सर्केगाड, बाजुराको स्वामीकार्तिक खापर र रुकुम पूर्वका पुथाउत्तरगङ्गा गाउँपालिकाको उपाध्यक्ष पदमा महिलाको मात्र उम्मेदवारी दर्ता हुनेछ ।

आसन्न स्थानीय तह उपनिर्वाचनमा मनोनयन हुने उम्मेदवारको योग्यता र अयोग्यतासम्बन्धी प्रावधानको पालना गर्न राजनीतिक दल र निर्वाचन अधिकृतको कार्यालयलाई आयोगले निर्देशन दिइसकेको छ । आयोगले २१ वर्ष उमेर पूरा भएको, उपनिर्वाचन हुने गाउँपालिका वा नगरपालिकाको सम्बन्धित वडाको मतदाता नामावलीमा नाम समावेश भएको तथा कुनै कानुनले अयोग्य नभएको उम्मेदवारको मात्र मनोयन दर्ता गर्न निर्देशन दिएको हो ।

आयोगले स्थानीय तह निर्वाचन ऐन, २०७३ को दफा १२ बमोजिम अयोग्य भएको व्यक्ति, गैरनेपाली नागरिक वा नेपालको नागरिक नभएको व्यक्ति र नेपाल सरकार, प्रदेश सरकार तथा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व वा नियन्त्रणमा रहेको वा नेपाल सरकारबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको व्यक्तिलाई स्थानीय तह उपनिर्वाचनमा उम्मेदवार मनोनयन नगर्न निर्वाचन अधिकृतको कार्यालयलाई निर्देशन दिएको छ ।

यसैगरी कुनै स्थानीय तह वा स्थानीय तहको स्वामित्व वा नियन्त्रणमा रहेको वा स्थानीय तहबाट अनुदान प्राप्त संस्थामा पारिश्रमिक पाउने गरी बहाल रहेको व्यक्ति, निर्वाचनसम्बन्धी प्रचलित कानुनबमोजिम सजाय पाई त्यस्तो सजाय भोगिसकेको मितिले दुई वर्ष भुक्तान नगरेको व्यक्ति उम्मेदवार बन्न नपाउने आयोगले जनाएको छ ।

भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार,लागुऔषध बिक्री वितरण तथा निकासी वा पैठारी, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग,अपहरणसम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाई वा कुनै कसूरमा जन्मकैद वा बीस वर्ष वा सोभन्दा बढी कैदको सजाय पाई त्यस्तो फैसला अन्तिम भएको व्यक्तिको मनोनयत दर्ता हुने छैन ।

सङ्गठित अपराधसम्बन्धी कसुरमा कैदको सजाय पाई वा कर्तव्य ज्यानसम्बन्धी कसूरमा बीस वर्षभन्दा कम कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले छ वर्ष पूरा नभएको व्यक्ति, जातीय भेदभाव तथा छुवाछूत, बोक्सी वा बहुविवाहसम्बन्धी कसूरमा कैदको सजाय पाई त्यस्तो सजाय भुक्तान गरेको मितिले तीन वर्ष पूरा नभएको व्यक्ति पनि उम्मेदवार बन्न नपाउने व्यवस्था छ ।

कानुनबमोजिम कालोसूचीमा रहेको व्यक्ति कालोसूचीमा रहेको अवधिभर, कुनै कसूरमा कैदमा बसेको व्यक्ति कैद बसेको अवधिभर, मानसिक सन्तुलन ठीक नभएको र प्रचलित कानूनले अयोग्य भएको व्यक्तिको मनोयन दर्ता नहुने आयोगले स्पष्ट पारेको छ । जिल्ला समन्वय समितिको उपनिर्वाचनको हकमा प्रचलित कानुनबमोजिम निलम्वनमा रहेका पदाधिकारी उक्त अवधिभर उम्मेदवार हुन नपाउने व्यवस्था गरिएको आयोगले जनाएको छ ।

#### उम्मेदवारले कति खर्च गर्न पाउँछन् ?

निर्वाचन आयोगले उम्मेदवारको मनोयनपत्र दर्ता भएको मितिदेखि निर्वाचन परिणाम घोषणा भएको अवधिसम्म उम्मेदवारले गर्न पाउने खर्चको हद तोकेको छ । नगरपालिकाका प्रमुख तथा उपप्रमुख पदका उम्मेदवारले चार लाख ५० हजार रुपैयाँ, गाउँपालिका अध्यक्ष तथा उपाध्यक्ष पदका उम्मेदवारले तीन लाख ५० हजार रुपैयाँ, जिल्ला समन्वय समितिका प्रमुख तथा उपप्रमुखका उम्मेदवारले ५० हजार रुपैयाँ सम्म खर्च गर्न सक्नेछ ।

महानगरपालिकाका वडाध्यक्ष पदका उम्मेदवारले तीन लाख रुपैयाँ, नगरपालिका वडाध्यक्ष पदका उम्मेदवारले दुई लाख रुपैयाँ र गाउँपालिकाका वडाध्यक्षले एक लाख ५० हजार रुपैयाँ खर्च गर्न सक्नेछ । उपनिर्वाचनका लागि आयोगमा २५ राजनीतिक दल दर्ता भएका छन् । रासस

# ‘नेपाललाई बेलायतबाट प्रतिबद्धता अनुसार सहयोग हुन्छ’

**अजरबैजान ।**
वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही र संयुक्त अधिराज्यका जलवायु परिवर्तन सम्बन्धी विशेष प्रतिनिधि रिचेल क्याथेबीच भेटवार्ता भएको छ ।

अजरबैजानको बाकुमा जारी जलवायु परिवर्तन सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनस्थलमा शनिबार उनीहरुबीच भएको भेटमा द्विपक्षीय आपसी हित र सहयोगका विविध पक्षमा कुरा भएको भेटमा सहभागी वन मन्त्रालयका उपसचिव दीपा ओलीले जानकारी दिइन् । उनका अनुसार भेटमा मन्त्री शाहीले बेलायतसँग नेपालको दीर्घकालीन, सौहार्दपूर्ण र ऐतिहासिक सम्बन्ध रहदै आएको उल्लेख गर्दै बेलायत सरकारको सहयोगमा नेपालमा जलवायु परिवर्तनका क्षेत्रका विभिन्न परियोजनाहरू र कार्यक्रमहरू सञ्चालन हुँदै आएको बताएका थिए ।

साथै उनले हालै मात्र भएको नेपाल र बेलायतबिच भएको रेन परियोजनाको सम्झौताले वर्तमान सफलतालाई थप अगाडि बढाउने र नेपालको जलवायु तथा विपद् व्यवस्थापन कार्यलाई थप विस्तार गर्न मद्दत गर्ने उल्लेख गरेका थिए ।

मन्त्री शाहीले संयुक्त अधिराज्यको ग्लास्गोमा सम्पन्न कोप–२९ मा नेपाल सरकारले आफ्नो जलवायु महत्वाकांक्षी महत्त्वपूर्ण घोषणाहरू गरेको बारेमा स्मरण गराउदै आगामी दिनमा थप सहयोगको अपेक्षा गरेका थिए ।

विशेष प्रतिनिधि क्याथेले नेपालसँग बेलायतको एतिहासिक सम्बन्ध बारे चर्चा गर्दै बेलायतले जलवायु परिवर्तनका असर न्यूनिकरणका लागि गरेको प्रतिबद्धताअनुसार सहयोग गर्ने बताए । यसैगरी शनिबारै मन्त्री शाहीसँग एसियाली विकास बैंकका महानिर्देशक रमेश सुब्रमन्यमले शिष्टाचार भेटवार्ता गरेका छन् ।

भेटमा उनीहरुबीच एसियाली विकास बैंकको सहयोगमा नेपालमा सञ्चालित परियोजनाबारे छलफल भएको थियो ।

मन्त्री शाहीले नेपालमा एसियाली विकास बैंकले पूर्वाधार विकास, वनको विकास तथा संरक्षण, जलवायु परिवर्तन अनुकूलन तथा न्यूनीकरण तथा क्षमता अभिवृद्धि लगायतका क्षेत्रहरुमा सहयोग पु¥याउदै आएको उल्लेख गर्दै नेपालको विकासका लागि आफूहरुले सहुलियतपूर्ण ऋणका साथै अधिकतम् अनुदानको अपेक्षा गरेको उल्लेख गरेका थिए ।

यसैगरी महानिर्देशक सुब्रमन्यमले नेपालमा बैंकद्वारा सञ्चालित परियोजनाका बारेमा चर्चा गर्दै नेपालको प्रस्तावमा छलफल गर्न तयार रहेको बताएका थिए ।

कोप–२९ सम्मेलनमा अनुकूलन, हानिनोक्सानी, जलवायु वित्त, प्रविधि विकास र हस्तान्तरण, क्षमता विकास, अल्पविकशित राष्ट्रहरुको विषय, जलवायु प्रतिकार्यको कार्यान्यवनको प्रभाव, पेरिस सम्झौताको दफा ६, पेरिस सम्झौताको वैश्विक मापन, महासन्धीको दिर्घकालीन विश्वव्यापी लक्ष्यको प्रगति, जस्ट ट्रान्जिसन सम्बन्धी वर्क प्रोग्राम, न्यूनीकरणसम्बन्धी वर्क प्रोग्राम, लैंगिक र जलवायु परिवर्तनलगायतका विषय छन् ।

महासन्धिका पक्षराष्ट्रहरूको २९औँ सत्र (कोप–२९) सँगसँगै पेरिस सम्झौताका पक्षराष्ट्रहरूको छैटौँ सत्र (सिएमए–६) र क्योटो अभिसन्धिका पक्षराष्ट्रहरूको १९औँ सत्र (सिएमपि–१९) लगायत एसबिएसटिए–६१रएसबिआई–६१ सत्रहरु समेत सञ्चालित छन् ।

# ‘धर्मका नाममा हुने राजनीतिलाई निषेध गर्नुपर्छ’



**ललितपुर ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले धर्मका नाममा हुने राजनीतिलाई निषेध गर्नुपर्नेमा जोड दिएका छन् ।

बौद्ध विहार सङ्घ, ललितपुरको शनिबार अक्षश्वर महाविहारमा आयोजित ४९औँ वार्षिकोत्सव तथा स्वर्णजयन्ती वर्ष शुभारम्भ कार्यक्रममा उनले धर्म निरपेक्ष हाम्रो मुलुकमा सबैलाई स्वतन्त्रतापूर्वक आफ्नो आस्थाअनुसार धर्ममा लाग्ने अधिकार रहेको तर यसलाई राजनीतिका रुपमा स्वीकार्य गर्न नसकिने दोहो¥याए ।

प्रधानमन्त्रीले धार्मिक सहिष्णुता कायम गर्दै अहिंसा, शान्ति र एकताका साथ धार्मिक अभ्यास गर्नुपर्ने बताउदै भने,‘बुद्ध धर्म र उहाँका विचारलाई राजनीतिका लागि दुरुपयोग गर्नुहुँदैन ।

बुद्धको दर्शन नै शान्ति, अहिंसा र मानवताका लागि हो । कुनै जीवको हिंसा नगर भन्ने बुद्धवादको सार हो । बुद्ध धर्मका शिष्यहरु नै यस धर्मका रक्षक हुन् ।

हामीले बुद्धवादलाई युवाहरूमाझ फैलाउनुपर्छ । त्यसका लागि म मेरो तर्फबाट सक्दो काम गर्छु । यस धर्ममा करुण, स्नेह र मानवीयता छ । निःस्वार्थपन छ । त्यसैले यसलाई राजनीतिक हिसाबले दुरुपयोग गर्ने कुरालाई निधेष गर्नुपर्छ ।’

पाँच वर्षअघि भियतनाममा भएको अन्तर्राष्ट्रिय बौद्ध सम्मेलनमा आफूले भाग लिएको र त्यस्ता सम्मेलन संयुक्त राष्ट्रसङ्घको आयोजनामा नेपालमा गर्ने कुराकानी भएका बेला कोभिड महामारीले असर गरेको सन्दर्भ उल्लेख गर्दै प्रधानमन्त्री ओलीले लुम्बिनीमा आफूले पाँच हजार क्षमताको अन्तर्राष्ट्रिय ध्यान केन्द्र निर्माण गराएको स्मरण गरे । त्यस अवसरमा प्रधानमन्त्री ओलीले बुद्धका शिक्षा र दर्शनलाई प्रचार र प्रवद्र्धनमा योगदान दिने लोटस रिसर्च सेन्टर र डुण्डु◌ुबहादुर बज्राचार्यलाई सम्मान गरे ।

बौद्ध विहार सङ्घ ललितपुरका अध्यक्ष नानीकाजी शाक्यले पुर्खाहरुले सृजना गरेको बौद्ध धर्मसम्बन्धी सम्पदाले पर्यटन प्रवद्र्धनमा उल्लेख्य योगदान दिएको बताए । बौद्ध विहार सङ्घको स्थापना २०३२ साल मङ्सिर १ गते भएको हो । रासस

# कांग्रेसको १०० दिने अभियान पुनःशुरु




**चितवन ।**
नेपाली कांग्रेसले स्थगन गरेको १०० दिने विशेष अभियान पुनःसुरु गरेको छ । कांग्रेस चितवनले अभियानका बारेमा जानकारी दिन शनिबार चितवनमा आयोजना गरेको पत्रकार सम्मेलनमा अभियान कात्तिक ३० गतेदेखि फागुन ७ गतेसम्म सञ्चालन गरिने जानकारी दिइएको छ ।

असोज ६ गते सुरु गरेको अभियान वर्षातका कारण स्थगन गरिएको थियो । अभियानका लागि जिल्लामा केन्द्रीय प्रतिनिधिका रुपमा केन्द्रीय सदस्य इन्जिनियर मधु आचार्य चितवनमा छन् ।

केन्द्रीय प्रतिनिधिका रुपमा आएका आचार्यको उपस्थितिमा यहाँका सात पालिका र ९८ वटै वडामा विभिन्न कार्यक्रम आयोजना गरी अभियान सञ्चालन गर्न लागिएको नेपाली कांग्रेसका सभापति राजेश्वर खनालले जानकारी दिए । जिल्लाले सातै पालिका र ९८ वटै वडामा महाधिवेशन, महासमिति सदस्य, प्रदेश समितिका सदस्य र जिल्ला कार्यसमितिका सदस्यलाई प्रतिनिधिका रुपमा खटाइएको उनले बताए ।

खटाइएका प्रतिनिधिले मङ्सिर १० गते एकैपटक सबै वडा तहमा बैठक राखेर अभियानको सुरुवात गर्ने छन् । यस्तै वडा, क्षेत्रीय समिति, प्रदेश समितिलगायतका संरचनाको बैठक भेलालगायत काम सञ्चालन गरिनेछ । यससँगै अभियानका क्रममा आम जनताका गुनासो सुनेर केन्द्रीय समितिमा प्रतिवेदनका रुपमा पेस गरिने केन्द्रीय सदस्य आचार्यले जानकारी दिए ।

जनताका गुनासोसँगै पार्टीले प्राथमिकताका आधारमा गर्नुपर्ने कामको रुपरेखा तयार गर्न सहज हुने उनको भनाइ छ । कांग्रेस सरकारमा रहेको अवस्थामा अहिलेको गठबन्धनलाई आम जनताको बुझाइ र भ्रम भए त्यसलाई चिर्न अभियान सफल हुने विश्वास उनले व्यक्त गरे । आन्तरिक समस्या भए त्यसलाई समाधान गर्दै अघि बढ्न सहज हुने केन्द्रीय सदस्य आचार्यले बताए । जनताका जायज गुनासो भए सम्बोधन गर्दै समाधानको पाटोमा पार्टीलाई लैजान अभियान फलदायी हुने उनको भनाई छ ।

# करका लक्ष्य पूरा गरौँः अर्थमन्त्री

**काठमाडौँ ।**
उपप्रधानमन्त्री तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले करका लक्ष्य प्राप्तीका लागि इमान्दारी पूर्वक काम गर्न कर्मचारीलाई निर्देशन दिएका छन् ।
'राष्ट्रिय कर दिवस,२०८१' का अवसरमा शनिबार काठमाडौंमा आयोजित कार्यक्रममा उनले आन्तरिक राजस्व विभाग र मातहत कार्यालयमा कार्यरत कर्मचारीले कार्य सम्पादन कमजोर बनाउन नहुने बताए ।
उनले भने, 'विभाग र मातहतका कार्यालयको कार्यसम्पादन सूचक सन्तोषजनक छैनन् । गत आर्थिक वर्षको तुलनामा अहिले प्रगति कमजोर देखिएको छ । तोकिएको कार्य सम्पादनमा थप गम्भीर भएर लाग्नुहोस् ।' असामान्य अवस्थामा सामान्य तरिकाको काम गराइले लक्षित राजस्व सङ्कलन हुन नसक्ने जनाउँदै अर्थमन्त्री पौडेलले कर प्रशासनलाई आधुनिकीकरण गर्ने, लागत घटाउने, प्रविधिमैत्री जनशक्ति विकास गर्ने, करको दायरा विस्तार गर्ने, कर प्रशासनसँग जोडिएका काममा समय र लागत घटाउने गरी काम गर्नुपर्ने बताए ।



अनिवार्य प्रकृतिका दायित्व बढ्दै गएको, सार्वजनिक ऋणको आकार ठूलो हुँदै गएको र साँवा ब्याज भुक्तानीमा ठूलो रकम खर्च भइरहेको अवस्थामा आन्तरिक राजश्वको दायरा बढाएर लक्ष्यअनुसार उपलब्धि हासिल गर्नसक्नुपर्ने अर्थमन्त्री पौडेलको भनाइ छ ।
राज्यलाई कर तिर्नु भनेको हरेक नागरिकको कर्तव्य मात्र नभई गौरवको विषय रहेको उनको भनाइ छ । 'करदाता र कर प्रशासनबीच सोहार्दपूर्ण वातावरण बनाउन आवश्यक छ । कर प्रशासनले करदातालाई अनुचित ढङ्गले दुःख दिनु हुँदैन', उनले भने ।
अर्थसचिव डा.रामप्रसाद घिमिरेले मुलुकको समग्र अर्थतन्त्र चलायमान बनाउने र सहज लगानीको वातावरण तयार पार्न सके करको दायरा आफै बढ्ने बताए । राजस्व प्रशासनलाई कसरी सुधार गर्ने भनेर सरकारले काम गरिरहेको उनको भनाई छ ।उनले भने, 'हाम्रो जिम्मेवारी कर सङ्कलनसँगै आर्थिक क्रियाकलापसमेत चलायमान बनाउनु हो । मुलुकभित्र लगानीको वातावरण बनाउन सके कर आफै बढ्छ ।'
अहिले नेपालको अर्थतन्त्रमा केहि सुस्तता देखिए पनि खराब अवस्थामा भने नरहेको दाबी अर्थसचिव घिमिरेको छ । 'हामीले अर्थतन्त्र खराब छ भन्ने भाष्य बनाउन हुन्न । हाम्रो रफ्तार पर्याप्त छैन तर, हिनताबोध गर्नुपर्ने अवस्था छैन', उनले भने, 'तरलता सहज अवस्थामा भएपनि लगानी र आर्थिक क्रियाकलाप विस्तार हुन सकेका छैनन् । निजी क्षेत्रको लगानी विस्तार हुन सकेन भने सरकारको लगानी मात्रले अर्थतन्त्र सुधार हुन सक्दैन ।' निजी क्षेत्र कसरी चलायमान हुन्छ र लगानी बढ्छ भन्ने कुरामा पर्याप्त छलफल भएको अर्थसचिव घिमिरेले बताए ।
राजस्व सचिव दिनेश कुमार घिमिरेले निजी क्षेत्रका समस्या सुन्न कर प्रशासन तयार रहेको बताए । अहिले बजारमा समग्र मागमा सङ्कुचन आएकोमा त्यसलाई सुधार गर्ने प्रतिद्धता उनले जनाए । त्यस्तै, राजस्व क्षेत्र सुधारका लागि नीतिगत र संरचनागत सुधारका लागि काम गर्ने राजस्व सचिव घिमिरेको भनाई छ ।
रासस

# उत्कृष्ट करदाता सम्मानित




**काठमाडौँ ।**
सरकारले राष्ट्रिय कर दिवसका अवसरमा उत्कृष्ट करदातालाई सम्मान गरेको छ । आन्तरिक राजस्व विभागले आर्थिक वर्ष २०७९÷८० मा सबैभन्दा बढी कर तिरेका करदातालाई राष्ट्रिय कर दिवस तथा कर सप्ताहका अवसरमा आज सम्मान गरिएको हो ।
अघिल्लो आर्थिक वर्षमा सबैभन्दा बढी आयकर नेपाल दूरसञ्चार कम्पनी लिमिटेडले तिरेको छ । एकलौटी फर्ममध्ये सबैभन्दा बढी आयकर दाखिला गरेवापत श्रुति ट्रेडर्सलाई पनि सम्मान गरिएको छ ।
वस्तु निर्यात कारोबार गर्ने कम्पनीतर्फ सबैभन्दा बढी आयकर डाबर नेपाल, सूचना प्रविधि सेवा निर्याततर्फ कोडावतार टेक, कृषि एवं पशुपन्छी क्षेत्रतर्फ बढी आयकर पतन्जली आयुर्वेद,बैंक वित्तीय संस्था र बीमाको कारोबार गर्ने कम्पनीतर्फ नविल बैंक लिमिटेडलाई सबैभन्दा बढी आयकर तिर्ने कम्पनीका रुपमा सम्मान गरिएको छ ।
स्वास्थ्य तथा शैक्षिक संस्थातर्फ लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ हस्पिटल लिमिटेड, पर्यटन व्यवसायतर्फ तारागाउँ रिजेन्सी होटल लिमिटेड, वस्तु व्यापार गर्ने कम्पनीमा भाटभटेनी सुपर मार्केट एण्ड डिपार्टमेन्टल स्टोरलाई उत्कृष्ट करदाताका रुपमा सम्मान गरिएको छ ।
गत आर्थिक वर्षमा ५० करोड रुपैयाँदेखि एक अर्ब रुपैयाँसम्मको कारोबार गर्ने कम्पनीतर्फ सिडिएस एन्ड क्लियरिङ लिमिटेड उत्कृष्ट करदाताका रुपमा सम्मानित भएको छ ।
ऊर्जामूलक उद्योगतर्फ भोटेकोशी पावर कम्पनी, रेमिटेन्स तथा मनी ट्रान्सर्फमर कारोबार गर्ने कम्पनीमा सिटी एक्स्प्रेस मनी ट्रान्स्फरलाई उत्कृष्ट करदाताका रुपमा सम्मानित भएका छन् । व्यक्तिगत आयकरतर्फ सबैभन्दा बढी कर तिर्ने करदाताका रुपमा राजबहादुर शाह सम्मानित भएका हुन् ।
विसं २०७५ साउनदेखि २०८१ असार मसान्तसम्म तोकिएको समयमा नियमित र सबैभन्दा बढी मूल्य अभिवृद्धि कर तिर्ने कम्पनीका रुपमा होङ्सी शिवम सिमेन्टलाई सरकारले सम्मान गरेको छ ।
वार्षिक ५० करोड रुपैयाँसम्म कारोबार गर्ने करदातामध्ये सोल्टी इन्टरप्राईजेज र विशेष उद्योगतर्फ सबैभन्दा बढी आयकर दाखिला गरेवापत वरुण बेभरेजलाई सम्मान गरिएको छ । कर दिवसका अवसरमा उत्कृष्ट कार्यसम्पादन गर्ने कार्यालयहरु पनि सम्मानित भएका छन् ।
रासस

# मकवानपुरका ४५ हजार जना स्वास्थ्य बीमामा आबद्ध

**मकवानपुर ।**
सरकारले सञ्चालन गरेको स्वास्थ्य बिमा कार्यक्रममा मकवानपुरका ४४ हजार नौ सय ६१ आबद्ध भएका छन् ।
गत २०७४ भदौ १ गतेदेखि स्वास्थ्य बिमा कार्यक्रम लागू भएयता हालसम्म मकवानपुरको ८६ हजार दुई सय ७९ घरमध्ये ४४ हजार नौ सय ६१ बिमामा आबद्ध भएको स्वास्थ्य बिमा बोर्ड हेटौँडा मकवानपुरका प्रमुख नरबहादुर खड्काले जानकारी दिए ।
उनका अनुसार सबैभन्दा बढी मकवानपुरको मनहरी गाउँपालिकामा ८० प्रतिशतले स्वास्थ्य बिमा गराएका छन् भने सबैभन्दा कम बागमती गाउँपालिकामा १२ प्रतिशत घरले मात्र स्वास्थ्य बीमा गराएका छन् ।




मनहरी गाउँपालिकामा सात हजार एक सय ३१, हेटौँडा उपमहानगरपालिकामा २४ हजार आठ सय ३४, मकवानपुरगढी गाउँपालिकामा दुई हजार तीन सय ६६, थाहा नगरपालिकामा तीन हजार एक सय २५, भीमफेदी गाउँपालिकामा एक हजार छ सय ४२, कैलाश गाउँपालिकामा एक हजार चार सय ४९, बकैया गाउँपालिकामा दुई हजार ५६, इन्द्रसरोवर गाउँपालिकामा सात सय १५,राक्सिराङ गाउँपालिकामा नौ सय ५३ र बागमती गाउँपालिकामा छ सय ८३ को स्वास्थ्य बिमा भएको प्रमुख खड्काले बताए ।
कार्यालयमा बीमा दर्ताका लागि थप आवेदनहरु आइसकेको र ती सबै आवेदन दर्ताको तयारी भइरहेको प्रमुख खड्काले बताए । मकवानपुरमा स्वास्थ्य बिमा कार्यक्रम लागू भएपछि स्वास्थ्य बिमा बोर्डले जिल्लाको सम्पूर्ण स्थानीय तहका वडामा सहजकर्तामार्फत प्रचारप्रसारसँगै बीमितहरुको नाम दर्ताको कार्य गर्दै आएको छ । स्वास्थ्य बीमा कार्यक्रममा आबद्ध भएकाहरुलाई जिल्लाको आठ वटा स्वास्थ्य संस्थाबाट स्वास्थ्य सेवा लिने गरेका छन् । प्रमुख खड्काका अनुसार स्वास्थ्य बीमामा जोडिएकाहरुलाई मकवानपुरको हेटौँडा अस्पताल, मनहरी आधारभूत अस्पताल, हेटौँडा सामुदायिक आँखा अस्पताल, पालुङ प्राथमिक स्वास्थ्य केन्द्र, भीमफेदी प्राथमिक स्वास्थ्य केन्द्र, बकैया आधारभूत अस्पताल, राक्सिराङ आधारभूत र सिएम सि चुरेहिल अस्पताल प्राली हेटौँडाले स्वास्थ्य सेवा प्रदान गर्दै आएका छन् ।
प्रत्येक वडामा एक÷एक जना सहजकर्ता परिचालन गरी बिमाको महत्व, यसको प्रक्रिया र बिमा कार्यक्रमबाट प्राप्त हुने सुविधाहरुका बारेमा प्रचारप्रसार गर्नुका साथै बिमा गराउनेहरुको नाम दर्ताको कार्य भइरहेको प्रमुख खड्काले बताए ।
सहजकर्तामार्फत दर्ता भएको बीमितहरुको नामलाई प्रत्येक तीन÷तीन महिनामा कम्प्युटरमा दर्ता गर्ने गरिएको र अहिले नाम दर्ता हुने बीमितहरुले बीमा सेवा पाउने गरेको उनको भनाइ छ ।
पाँच जनाको परिवारले वार्षिक रुपमा प्रतिपरिवारले तीन हजार पाँच सय रुपैयाँको प्रिमियम तिरे स्वास्थ्य उपचारबापत वार्षिक एक लाखसम्मको स्वास्थ्य बीमा पाइने व्यवस्था छ ।
पाँच जनाभन्दा बढी सदस्य भएमा प्रति थप सदस्यले वार्षिक सात सयका दरले थप प्रमियम तिर्नुपर्ने र सुविधा थैलीमा २० हजार रुपैयाँ थपिने जनाएको छ ।रासस

# नौवस्ता औद्योगिक क्षेत्र सरकारको प्राथमिकतामा



**नेपालगञ्ज ।**
नौवस्ता औद्योगिक क्षेत्रमा प्राथमिकताका साथ पूर्वाधार निर्माण गर्न सरकार गम्भीर रहेको उद्योग वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारी बताएका छन् ।
प्रेस चौतारी बाँकेले शनिबार नेपालगञ्जमा आयोजना गरेको कार्यक्रममा उनले उद्योग क्षेत्रको विकासका लागि भौतिक पूर्वाधार पूर्वशर्त भएकाले तिनको निर्माणलाई सरकारले प्राथमिकतामा राखेको बताए ।
मन्त्री भण्डारीले केही ठूला र मझौला उद्योग बढ्दै गएका बताउदै रुग्ण उद्योगको संरक्षण सरकारको दायित्व रहेको बताए । लगानी प्रबद्र्धन गर्दै विदेशी लगानी आकर्षित गर्न निजी क्षेत्रसँगको साझेदारीलाई जोड दिइएको बताए । उनले आयात प्रतिस्थापन र निर्यात प्रवद्र्धनमा केन्द्रित रहेर काम गरिरहेको बताए । फरक प्रशङ्गमा मन्त्री भण्डारीसँग गरेको छलफलमा उनले संविधान संशोधनका विषयमा पनि सत्तासाझेदार दलबाहेकका अन्य राजनीतिक शक्तिहरुसँग विमर्श गरिने जानकारी दिए ।
रासस

# 'खेल राष्ट्र, स्वास्थ्य र प्रतिष्ठाका लागि महत्वपूर्ण'

**ललितपुर ।**
सभामुख देवराज घिमिरेले खेल खेल्नका लागि मात्रै नभएर राष्ट्र, स्वास्थ्य र प्रतिष्ठाका लागि महत्वपूर्ण भएको बताएका छन् ।
झापा क्षेत्र नं १ सांसद सचिवालय काठमाडौँ तथा नेपाली कांग्रेस क्षेत्र नं १ काठमाडौँ सम्पर्क समितिको आयोजनामा भएको प्रथम 'झापा–१ काठमाडौँ कप' फुटसल प्रतियोगिताको शनिबार उद्घाटन समारोहमा उनले सांसद विश्वप्रकाश शर्माले गरेको यो कार्य अत्यन्तै महत्वपूर्ण र रचनात्मक काम भएको बताउँदै खेलकुद क्षेत्रलाई राज्यले अझै पनि उचित स्थान दिन नसकेको बताए ।
'पछिल्लो समय खेलको क्षेत्रमा नेपाल क्रमशः अगाडि बढ्दै आएको छ, केही समयदेखि क्रिकेटलगायत खेलमा नेपालले उल्लेख्य प्रगति गरेको छ, हरेक ठाउँबाट सक्रियता लिने हो भने खेलकुद क्षेत्रमा उत्कृष्ट स्थान हासिल गर्न सकिन्छ, खेलकुदमा हाम्रो भविष्य राम्रो छ', सभामुख घिमिरेले भने ।
उनले विगतको तुलनामा खेलकुद क्षेत्र थप वर्तमान समयमा केही राम्रो काम भएको भन्दै यसलाई अझै प्रोत्साहित गर्नुपर्नेमा जोड दिए । नेपाली कांग्रेसका पूर्वमहामन्त्री एवं राष्ट्रियसभामा नेपाली कांग्रेस संसदीय दलका नेता कृष्णप्रसाद सिटौलाले रचनात्मक कार्यक्रममार्फत झापाका सबैलाई जोड्ने प्रयास र कौशलाको प्रशंसा गरे ।
उनले सांसद शर्माले देशभर नै रचनात्मक काम गरेर जनताको मन जित्न गरेको प्रयास महत्वपूर्ण रहेको धारणा व्यक्त गरे ।रासस

# 'गौतम बुद्ध विमानस्थल दीर्घकालिनरूपमा सञ्चालन गरौँ'

**लुम्बिनी ।**
लुम्बिनी क्षेत्रको पर्यटन प्रवर्द्धनका लागि गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि दीर्घकालिन योजना बनाउनुपर्नेमा जोड दिइएको छ ।
ट्राभल व्यवसायीको साझा संस्था नेपाल एशोसियन अफ ट्राभल्स एन्ड टुर एजेन्ट (नाट्टा) ले लुम्बिनी प्रदेशको बुटवलमा शनिबार आयोजना गरेको १५ औँ वार्षिक साधारणसभा तथा अधिवेशनको उद्घाटनमा वक्ताहरूले अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनका लागि पर्यटन व्यवसायीले ऐक्यबद्धतासमेत जनाएका छन् ।
लुम्बिनी प्रदेशका पूर्वमुख्यमन्त्री लिला गिरीले राजनीतिक अस्थिरताका कारणले नै मुलुकका हरेक क्षेत्रमा प्रभाव पारेको बताए । उनले राजनीतिक अस्थिरताले विकास र समृद्धिका योजना ओझेलमा परेको बताउँदै वर्तमान सरकारको ईच्छाशक्तिकै कारण गौतमबुद्ध विमानस्थल सञ्चालनको अवस्थामा पुगेको बताए ।
गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रवन्धक प्रतापबाबु तिवारीले पर्यटकीय गन्तव्यको व्यवसाय प्रबद्र्घनका लागि यात्रुलाई विभिन्न सुविधाका प्याकेज बनाएर दिनुपर्ने बताए । उनले हवाइ सेवामा पहिलो प्राथमिकता यात्रुको सुरक्षा हुने भएकाले गौतमबुद्ध विमानस्थलको अधिकतम सुरक्षाका लागि 'आइएलएस लोयर भिजिविलिटी' परीक्षण गर्न एयरलाइन्सलाई अनुरोध गरिएको जानकारी दिए ।
नाट्टा गण्डकीका अध्यक्ष किशोर दाहालले गण्डकी प्रदेशका सबै पर्यटन व्यवसायीले गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा सहयोग गर्ने बताए । उनले गौतमबुद्ध विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान नियमित भएमा लुम्बिनी प्रदेश मात्रै नभएर सिङ्गो देशलाई फाइदा पुग्ने बताए ।
सुदुरपश्चिमका अध्यक्ष पदम विक्रम सिंहले सुदुरपश्चिम र कर्णालीको लागि भैरहवा सबैभन्दा पायक पर्ने बताउनुभयो । नाट्टा लुम्बिनी प्रदेशका निवर्तमान अध्यक्ष सागर अधिकारीले गौतम बुद्ध विमानस्थल भइरहेको उडानलाई नियमित गराउन पर्ने बताए ।
नाटा लुम्बिनी प्रदेशका अध्यक्ष रचना पन्तले वर्तमान समयमा विमानस्थलको सञ्चालनले नयाँ आशा जगाएको बताउँदै यस अवसरलाई सकारात्मक ढङ्गले लिएर अघि बढ्नुपर्ने बताए ।
कार्यक्रममा पर्यटन क्षेत्रमा पत्रकारीताका माध्यमबाट योगदान प¥ुयाएको भन्दै राष्ट्रिय समाचार समिति(रासस) लुम्बिनी प्रदेश कार्यालय प्रमुख भरत केसीलाई सम्मान गरिएको थियो ।रासस

# युक्रेनमा शान्ति स्थापनाका लागि रूस नै बाधकः जी–७

**रोम ।**
युक्रेनमा युद्ध अन्त्यका लागि न्यायोचित समाधान हुन नदिनुमा रूसको मात्र जिम्मेवारी रहेको जी–७ ले शनिबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।
'युद्ध अन्त्य र शान्तिका लागि एक मात्र बाधक रूस बनेको छ,' औद्योगिक राष्ट्रहरूको समूह 'जी सेभेन'ले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।
बेलायत, क्यानडा, फ्रान्स, जर्मनी, जापान र संयुक्त राज्य अमेरिका सम्मिलित जी–७ ले 'प्रतिबन्ध,निर्यात नियन्त्रण र अन्य प्रभावकारी उपायमार्फत रूसमाथि गम्भीर मूल्य थोपर्ने आफ्नो प्रतिबद्धता' पुष्टि गरेको छ ।
विज्ञप्तिमा भनिएको छ,'आफ्नो सार्वभौमिकता, स्वतन्त्रता, स्वाधीनता, क्षेत्रीय अखण्डता र यसको पुनःनिर्माणका लागि युक्रेनको लडाईंमा हामी ऐक्यवद्धताका साथ उभिएका छौँ । रूसको आक्रमणले विश्वभरका कमजोर मानिसहरूमा पारेको प्रभावलाई पनि हामीले बुझेका छौँ ।' रासस

# शाहको क्रिकेट प्रेमः

# अष्ट्रेलियाको क्लबदेखि सुदूरपश्चिम रोयल्ससम्म


**काठमाडौँ ।** ‘नेपाल प्रिमियर लिग (एनपिएल)को पहिलो संस्करणमै विश्वस्तरीय खेलाडीले देखाएको चासो र उनीहरुको अनुबन्धनले प्रतियोगिताको महत्व निकै बढाएको छ, यो हाम्रो अपेक्षाभन्दा राम्रो भइरहेको छ’, गत बिहीबार साँझ अबेरसम्म कार्यालयमा काममा तल्लिन स्वतन्त्र प्रताप शाहले रासससँगको कुराकानीको सुरुआतमा भने ।

‘सुदूरपश्चिम रोयल्स’का मालिक समेत रहेका उनको व्यस्तता पनि उसैगरी बढेको छ, जसरी प्रतियोगिताको ‘चार्म’ बढिरहेको छ । “प्रतियोगिता शुरु हुन धेरै दिन बाँकी छैन, विदेशी खेलाडी अनुबन्धनदेखि प्रायोजकसँगको छलफलले समय निकाल्न पनि मुस्किल भइरहेको छ’, उनले भने, ‘अन्तर्राष्ट्रिय ब्रोडकास्टरदेखि खेलाडीको प्रवेशले प्रतियोगितालाई अझ स्तरीय बनाउँदै लगेको छ ।’

एनपिएलका आठ टिममध्ये सुदूरपश्चिम रोयल्सलाई शाहको कम्पनी एम्पायर स्पोर्ट्स म्यानेजमेन्ट प्रालिले एक करोड ६८ लाख ८८ हजार आठ सय ८८ रुपैयाँमा खरिद गरेको हो । जसरी प्रतियोगिताका आम दर्शक र व्यावसायिक कम्पनीहरुको चासो बढिरहेको छ, यसले एनपिएललाई प्रतिष्ठित र महत्वपूर्ण प्रतियोगिताका रुपमा स्थापित गरेको उनको बुझाइ छ ।

दुई दशकभन्दा लामो समयदेखि अष्ट्रेलियामा रहँदै आएका शाहले त्यहाँ पनि क्रिकेट क्लब सञ्चालन गरिरहेका छन् । ‘विगत पाँच वर्षदेखि क्विन्सल्याण्ड राज्यको ब्रिसबेनमा एम्पायर लायन्स क्रिकेट क्लब सञ्चालन गरिरहेको छु, त्यहाँ पनि बर्सेनि क्रिकेट लिग आयोजना हुन्छ, यहाँ जस्तै बोलकबोलमा खेलाडी छनोट गरी प्रतियोगिता आयोजना भइरहेको छ’, उनले भने, ‘अष्ट्रेलियामा जागेको क्रिकेटको क्रेजले नै मलाई एनपिएलसम्म डो¥याएको हो ।’

स्कुले जीवनमा क्रिकेटमा सामान्य रुचि राख्ने उनी कुनै समय तेक्कान्दो खेलाडी थिए । त्यसबेला तेक्कान्दोका चर्चित खेलाडी दीपक विष्टलगायतसँग सहकार्य गरेको उनको अनुभव छ । विष्ट अहिले सुदूरपश्चिम रोयल्सको ‘ब्राण्ड एम्बासडर’ समेत हुन् । अध्ययनका सिलसिलामा सिङ्गापुर हुँदै सन् २००३ मा अष्ट्रेलिया पुगेका कैलालीको टीकापुरका शाहले अष्ट्रेलियामा पनि क्रिकेट क्लब सञ्चालन गरिरहेका छन् । सन् १९९८ मा टीकापुरबाट एसएलसीको पढाइ सकाएपछि प्लस टु पढ्न काठमाडौँ आएका शाह सन् २००१ मा डिप्लोमा इन बिजनेस एडमिनिष्ट्रेसन पढ्न सिङ्गापुर गएकोमा सन् २००३ मा एड्भान्स डिप्लोमा पढ्न उतैबाट अष्ट्रेलिया गएका हुन् ।




अष्ट्रेलियामा ‘माइग्रेस ल’को पढाइ सकाएपछि सन् २०१० मा शैक्षिक परामर्श क्षेत्रबाट व्यवसायमा हात हालेका उनले कुनै समय पाँच वटा रेष्टुरेन्ट समेत सञ्चालन गरेका थिए । उनलाई नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयले २०७९ सालमा अष्ट्रेलियाका लागि पर्यटन दूतको महत्वपूर्ण जिम्मेवारी दिएको थियो ।

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)को सचिव समेत रहेका शाह सन् २०२१ मा स्थापना भएको अन्तर्राष्ट्रिय युवा उद्यमी महासङ्घको संस्थापक अध्यक्ष समेत हुन् । महासङ्घको सञ्जाल यतिबेला विश्वका १२ वटा देशमा फैलिएको छ । भविष्यमा ४० देखि ५० देशमा सञ्जाल विस्तार गर्ने र नेपालका लागि केही गरौँ भन्ने युवा उद्यमीहरुलाई अवसर प्रदान गर्ने योजना रहेको उनले सुनाए । यसै मञ्चमार्फत नेपालका विभिन्न क्षेत्रमा लगानी ल्याउने योजनाअन्तर्गत उनको नेतृत्वमा धनगढीमा पाँच तारे होटल निर्माणको प्रक्रिया अगाडि बढेको छ । विश्वभर फैलिएका नेपाली युवा उद्यमीलाई एकैठाउँमा ल्याइ नेपालमा सामूहिक लगानीको अवसर सृजना गर्ने र ‘आइडिया’ आदानप्रदान गर्ने उद्देश्यले महासङ्घ गठन गरिएको उनको भनाइ छ । महासङ्घले पहिलो अन्तर्राष्ट्रिय सम्मेलन यही नोभेम्बर २९ र ३० मा हङहङमा आयोजना गर्दैछ । जसमा विश्वभर छरिएर रहेका दुई सयभन्दा बढी नेपाली युवा उद्यमीको सहभागिता रहने उनले जानकारी दिए । शाहको परिचय व्यवसायीका रुपमा मात्रै सीमित छैन, उनले केही चलचित्रमा नायकको भूमिमा अभियन समेत गरेका छन् । नेपाली चलचित्र ‘फेसबुक’मार्फत कलाकारितामा प्रवेश गरेका उनले त्यसपछि ‘मेरो भ्यालेन्टाइन’ चलचित्रमा अभिनय गरे ।

सन् २००६ देखि एनआरएनमा आबद्ध शाह सन् २००९ मा एनआरएनको अष्ट्रेलियाको उपाध्यक्ष भइ छ वर्ष काम गरे । सन् २०१७ मा एनआरएन अष्ट्रेलियाको अध्यक्षमा झिनो मतान्तरले पराजित भए भने सन् २०२३ मा काठमाडौँमा सम्पन्न एनआरएनएन अधिवेशनबाट वर्तमान कार्यसमितिको सचिवमा निर्वाचित भएका हुन् ।

**नेपाली क्रिकेटप्रतिको माया**

अष्ट्रेलिया केन्द्रित व्यापार व्यवसाय भए पनि शाहले नेपाली क्रिकेटलाई लामो समयदेखि नजिकबाट नियालिरहेका छन् । विश्व क्रिकेटमा नेपाली खेलाडीले देखाउँदै आएको खेल कौशल र दर्शकको अपार मायाले उनलाई नेपाली क्रिकेटप्रति आकर्षित गरिरहेको छ । उनी आफै पनि नेपाली क्रिकेटका ठूला प्रसंशक हुन् । ‘गत वर्ष श्रीलङ्कामा सम्पन्न एसिया कपमा त्यही पुगेर नेपाली क्रिकेट टोलीलाई हौसला दिनेमा म पनि थिएँ, सम्भव भएसम्म नेपालको खेल प्रत्यक्ष हेरिरहेको हुन्छ, नेपाली खेलाडीको प्रदर्शन पछिल्लो समय निकै प्रसंशायोग्य छ’, उनले भने । क्रिकेटप्रतिको यही प्रेमले आफूलाई एनपिएलसम्म डो¥याएको उनको भनाइ छ । ‘नेपालको खेल क्षेत्रमा केही गरौँ भन्ने थियो, यसै क्रममा केही समय अघि नेपाल क्रिकेट सङ्घ (क्यान)ले एनपिएलको टिमको बोलकबोल आह्वान ग¥यो’, उनले भने, ‘नेपाली क्रिकेटसँग आबद्ध हुने यो मेरा लागि अवसर बन्यो ।’

शाह एनपिएलकै कारण पनि नेपालमा क्रिकेटको पूर्वाधार निर्माण छिटो गर्नुपर्ने आवश्यकता भएको बताउँछन् । यसप्रकारका प्रतियोगितामा ‘होम’ र ‘अवे’ आधारमा खेल सञ्चालन गर्ने चलन हुन्छ । तर हाम्रोमा पूर्वाधार कमीका कारण अहिले काठमाडौँमा मात्रै सञ्चालन हुँदैछ । अबका केही वर्षमा प्रत्येक प्रदेशमा खेल हुनेमा शाह आशावादी छन् ।

‘एनपिएल नेपाली क्रिकेट विकासको आधार बन्न सक्छ, चितवन, रुपन्देही, धनगढीलगायतका स्थानमा निर्माणाधीन क्रिकेट मैदान पूरा भएपछि खेलाडीहरुलाई सहज हुनेछ’, उनले भने, ‘एनपिएलकै कारण खेलाडी उत्पादन र विकासमा ठूलो सहयोग पुग्नेछ, राम्रा क्रिकेट खेलाडीलाई आर्थिक अभावकै कारण क्रिकेट छाड्ने वा विदेशिने बाध्यता हट्नेछ ।’

उनी अष्ट्रेलियाको क्विन्सल्याण्डमा पनि सन् २०१९ देखि ‘क्विन्सल्याण्ड नेपाली क्रिकेट लिग’मा पनि आबद्ध छन् । भविष्यमा सुदूरपश्चिम रोयल्सका खेलाडीलाई पनि अष्ट्रेलियामा लैजाने र त्यहाँ पनि अवसर दिने योजना बनाएको उनको भनाइ छ । उनले अष्ट्रेलियाका लागि टी–२० विश्वकप जिताउने टोलीका ब्राड हजलाई सुदूरपश्चिम रोयल्सको ‘मेन्टर’का रुपमा भित्र्याएका छन् । यसले दुई देशबीचको सम्बन्ध थप विस्तार हुनुका साथै नेपाली खेलाडीलाई पनि अष्ट्रेलियामा खेल्ने अवसर प्रदान हुनसक्ने शाहको भनाइ छ । जगत टमाटा मुख्य प्रशिक्षक रहेको सुदूरपश्चिम रोयल्सको कप्तान दीपेन्द्र सिंह ऐरीले गर्नेछन् । उक्त टोलीलाई स्कटल्याण्डका ब्राण्डन म्याकमुलेन, न्युजिल्याण्डका बलिङ अलराउण्डर स्कट कुगेलेइन, इङ्ग्ल्याण्डका सेफ अली जेब, यूएईका रोहन मुस्ताफाले साथ दिनेछन् । साथै टोली आरिफ शेख, अभिनाश बोहोरा, बिनोद भण्डारी, अर्जुन कुमाल, खडक बोहोरा, इशान पाण्डे, नरेश बुढाऐर, भोजराज भट्ट, नरेन साउद र अमित श्रेष्ठ छन् । रासस

# महाभारतकालीन मेडरी नाच संरक्षणमा जुटे थारु समुदाय



**मध्यविन्दु ।** नवलपरासी (बर्दघाट सुस्तापूर्व)का थारु समुदाय महाभारतकालीन मेडरी नाचको संरक्षणमा जुटेका छन् । सो समुदायले परम्परागत रुपमा प्रदर्शनी गर्दै आएको मेडरी नाचप्रति युवा पुस्ताको चासो कम हुँदै जान थालेपछि पाका पुस्ताले नाच संरक्षणका लागि कला हस्तान्तरण गर्ने अभियान सञ्चालन गरेका हुन् । मध्यविन्दु नगरपालिका–३ का दुलामणि गुरौले अहिले मेडारी नाच समूहको नेतृत्व गर्दै आएका छन् । सत्तरी वर्षीय गुरौ यो नाचको संरक्षणका लागि नयाँ पुस्तालाई आफ्नो कला सिकाउँदै आएका छन् । पाको पुस्ताकाले मात्र मेडरी नाचको जगेर्ना गर्न सम्भव नभएकाले युवालाई पनि सिकाउने पहल गरिरहेको उनले बताए ।

‘मेडरी नाच्न धेरै जना हुनुपर्छ अहिले धेरै हामी ७० वर्ष पार गरेका पाकापुस्ता छौँ इच्छा देखाउने युवालाई पनि सिकाउँदै नाचमा जोडिरहेका छौँ’, उनले भने, ‘युवा पुस्तालाई यो नाचको महत्व बुझाउँदै सिक्न प्रेरित गरिरहेका छौँ ।’ हरेक वर्ष हरिबोधिनी एकादशीका दिन मध्यविन्दु–३ लेडाहादेखि कावासोती नगरपालिका १५ गुन्द्रहीसम्म धार्मिक विधि अनुसार नाच्दै जाने गरिएको छ । महाभारतमा आधारित मेडरी नाच थारु समुदायको ऐतिहासिक नाचमध्यको एक रहेको मेडरी नाच नचनिया गुरौले बताए ।

‘मेडरी नाचमा कम्तीमा एक सय र बढीमा एक सय ५० नचनियाहरू गोलाकार रूपमा नाच्ने गरिन्छ’, उनले भने, ‘यो नाच कृष्ण लीलामा आधारित भवरा, महाभारतमा आधारित र रामलीलामा आधारित सीताहरण गरी तीन प्रकारको हुन्छ, महाभारतको लडाइँमा पाँचपाण्डवहरूले प्रयोग गरेका सामानहरू लिएर समूहमा गोलाकार भएर नाचिन्छ ।’

थारु समुदायका अन्य नाच युवापुस्ताले जगेर्ना गर्दै आएको भए पनि मेडरी नाचप्रति भने उनीहरूले चासो नदिएको स्थानीय गेनाराम महतोले बताए । ‘दैवी शक्तिमा आधारित मेडरी नाच विशेषगरी दसैँ, तिहारलगायत पर्वमा नचाइने गरिन्छ, अन्य शुभकार्यमा पनि यो नाच नाच्ने गरिन्छ’, उनले भने, ‘पितृ औँसीमा पितृ विसर्जन गरेपछि सुरु हुने यो नाच प्रत्येक वर्ष हरिबोधिनी एकादशीसम्म नचाइने गरिन्छ ।’

महाभारतको लडाईंमा अर्जुनको रथको ध्वजाका रूपमा बिचमा ध्वजापताकासहितको ठूलो बासको लिङ्गो लिएर घुम्ने गरिन्छ भने मेडरी नाच्दा मादल, झ्याली, तरबारको प्रयोग हुन्छ । यस नाचप्रति केही युवाले चासो देखाएर सिक्न थालेको हुमबहादुर थनेतले बताए । ‘यस नाचका लागि आवश्यक सामान बनाउन समस्या हुँदा यसको संरक्षणमा चुनौती छ, युवामा हस्तान्तरण गर्न पनि कठिन भइरहेको छ’, उनले भने ।

थारु समुदायको लाठी नाच र झाम्टा नाचप्रति युवापुस्ताको आकर्षण देखिए पनि मेडरी नाच अहिले पनि पाका पुस्ताकै भरपर्नुपर्ने अवस्था रहेको छ । थारु संस्कृतिको पहिचान स्थापित गर्नमा यो नाचको निकै महत्व रहेको चुनिलाल थनेतले बताए । अहिलेको नयाँ पिँढीले भने मेडरी नाचको महत्व बिर्सिंदै गएको थनेतको गुनासो रहेको छ । ‘पहिलेपहिले मेडरी नाच धेरै नचाइने गरिन्थ्यो, गाउँघरमा सबै मिली नाच्ने गरिन्थ्यो, अहिले पुराना पुस्ताले मात्र नाच नचाउन गारो हुन थालेको छ’, उनले भने, ‘अहिले केही युवाहरूको सहभागिता बढ्न थलेको छ ।’

थारु समुदायमा कृष्णलीला र महाभारतमा आधारित मेडरी नाच मात्रै देखाउने गरिएको छ भने सीताहरण नाच लोप हुने अवस्थामा पुगेको दुलामणि गुरौले बताए । रासस

# जुनको उज्यालोमा मकै सुकाउने पर्व मनाइयो




**गोरखा ।** गोरखामा मकै सुकाउने पर्व मनाइएको छ । यहाँका नेवार समुदायले परम्परागत रुपमा मनाउँदै आएको मकै सुकाउने पर्व शुक्रबार राति धुमधामका साथ मनाइएको हो । ऐतिहासिक क्षेत्र संरक्षण तथा विकास समितिको आयोजनामा नेवारलगायतका समुदायले जुनको उज्यालोमा सामूहिकरुपमा मकै सुकाएर पर्व मनाएको समितिका अध्यक्ष सुरेशमान श्रेष्ठले जानकारी दिए ।

ठूलो आँगनमा प्लाष्टिक ओछ्याएर भुटेको मकै, बदाम, भटमास, चना, केराउलगायतका खाद्यान्न राखिएको थियो । ‘पर्व मनाउन स्थानीयले घरबाट मकैसहितका गेडागुडी र अन्नबाली ल्याउनुभएको थियो, यसरी सुकाएको अन्नलाई प्रसादका रुपमा ग्रहण गर्ने चलन छ ।’

नेवार समुदायका अगुवासमेत रहनुभएका ज्येष्ठ नागरिक समाज गोरखाका अध्यक्ष मोहनलाल श्रेष्ठले झण्डै ४० वर्षदेखि मनाउन छोडिएको यो पर्व विगत तीन वर्षदेखि सामूहिक रुपमा मनाउन थालिएको जानकारी दिए । कात्तिक शुल्क पूर्णिमाको रातमा अमृत वर्षा हुने भएकाले भुटेको मकै, बदाम, भटमास, चना केराउलगायतका गेडागुडी, फलफूल, शखरखण्डका साथै खाद्यान्न जुनमा सुकाएर खाएमा अमृत समान हुने विश्वासका साथ पर्व मनाउने गरिएको उनको भनाइ छ । शुक्ल पूर्णिमाको दिन जुनको प्रकाशमा सुकाइएको अन्न खाएमा रोग नलाग्ने र प्राचन प्रणाली स्वस्थ्य र बलियो हुने धार्मिक विश्वाससमेत रहेको उनको भनाइ छ । यो पर्व परम्परागत रुपमा नेवार समुदायले घरघरमा अन्न सुकाएर मनाउने गरेको भए पनि अहिले भने संस्कृति र परम्पराको संरक्षणका लागि सामूहिकरुपमा मनाउन थालिएको छ । परम्परा र संस्कतिलाई पुस्तान्तरण गर्दै लैजाने उद्देश्यका साथ लामो समयदेखि रोकिएको मकै सुकाउने पर्व गएको तीन वर्षदेखि पुनः मनाउन थालिएको श्रेष्ठको भनाइ छ ।

कार्यक्रममा गोरखा नगरपालिकाका प्रमुख कृष्णबहादुर रानामगरले लोप हुनै लागेको मकै सुकाउने पर्वको जर्गेना गर्न स्थानीय समुदायले थालेको प्रयास सराहनीय भएको बताए । सोही अवसरमा नेवार समुदायको परम्परा र संस्कृति झल्कने पोसाकमा सजिएर विभिन्न सांस्कृतिक कार्यक्रमसमेत गरिएको आयोजकले जनाएको छ । रासस

# स्वास्थ्य संस्थामा स्वयंसेविकाको योगदान उच्च: मन्त्री




**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल स्वास्थ्यकर्मी संघले १ दिने नेतृत्व विकास तालिमको कार्यक्रम सम्पन्न गरेको छ । कार्यक्रमले स्वास्थ्य स्वयंसेविकासहित निजी तथा सरकारी स्वास्थ्य संस्थामा कार्यरत स्वास्थ्यकर्मीहरुको क्षमता बढाउने तथा गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा सहयोगी भूमिकामा खेल्ने भन्दै एक दिने नेतृत्व विकास तालिमको आयोजना गरेको हो । शनिबार उद्घाटन कार्यक्रममा प्रमुख अतिथि रहेका मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्रीले पेशागत स्वास्थकर्मीको समस्याको सँगसँगै राष्ट्रिय स्तरमा मानव जिवनको स्वास्थ क्षेत्रमा कसरी जनतालाई प्रभावकारी सेवा प्रदान गर्न सकिन्छ भन्ने हाम्रो मुख्य उदेश्य त्यही रहेको बताए । अहिले पनि स्वास्थ्य सेवा नेपालको हिमाली तथा पहाडी ठाउँको कुना कप्चा जस्तो ठाउँ पुग्न नसकेको तथा दक्ष जनशक्ति समेत पुग्न नसकेको ठाउँमा स्वास्थ्यसेविकाहरुले गरेको योगदान सराहनीय रहेको बताए । महिला स्वास्थ्यसेविकाहरु प्रति आफुलाइ सधै गर्व रहेको तथा आफू तत्कालीन जि.बि स अध्यक्ष रहेको बेला पर्साको प्रत्येक गाबिस तथा वडाहरुमा स्वास्थ्यसेविकाहरुलाई काम गर्न प्रोत्साहन गरेको बताए ।

अहिले पनि स्वास्थ्यसेविकाहरु न्यून ज्यालामा जनताको सेवामा खटिनु परेकोले राज्यले पनि उनीहरुको परिश्रमिक प्रति ध्यान दिन जरुरी रहेको मन्त्री क्षेत्रीले बताए ।

मधेश प्रदेशका स्वास्थ्यसेविकाहरु आफ्नो समस्याहरु समितिमार्फत मधेश सरकारलाई ध्यानाकर्षण गराउनु पर्नेमा जोड दिए । त्यसका लागि आफू सहजीकरण गर्न तयार रहेको समेत उनले बताए । कार्यक्रमका विशिष्ट अतिथि स्वास्थ्यकर्मी संघका केन्द्रिय अध्यक्ष रामजी घिमिरेले समाजिक सुरक्षा जस्ता कार्यक्रमहरु नेपाली कांग्रेसको पालामा आएको तर यसलाई जुन तरिकाले जनता समक्ष पुर्याउनु पर्ने हो त्यसमा कांग्रेस चुकेको उनले जिकिर गरे । नेपाली कांग्रेसले धेरैले राम्रा राम्रा कार्यहरु जनताको लागि ल्याएपनि उचित प्रचार प्रसारको अभावमा अगाडि बढ्न नसकेका उनले गुनासो गरे ।

कार्यक्रममा नेपाली कांग्रेस पर्साका कार्यबाहक सभापति रामनारायण कुर्मीले अहिलेको सामुदायिक अस्पतालमा जति जनशक्ति हुनुपर्ने त्यति पुग्न नसकेको बताए । नेपाल सरकारले स्वास्थ्यसँग सम्बन्धित विभिन्न अभियानहरु स्वास्थ्य स्वयंसेविकामार्फत संचालन गर्ने गरेको तर स्वास्थ्य स्वयंसेविकाहरुको परिश्रमिक प्रती उदासीन रहेको बताए । अहिले पनि देशको विभिन्न ठाउँहरुमा समयमा औषधि, स्वास्थकर्मीहरु पुग्न नसकेकाले सरकारले यस प्रति ध्यान दिन जरुरी रहेको उनको भनाई थियो ।

२०५६ सालमा पर्सा जिल्लामा स्वास्थ्य स्वयंसेविकाहरुलाई खटाउन सुरुवात गरेका तत्कालीन जिल्ला विकास समितिका सभापति रहेका हालका मधेश प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्रीले महत्त्वपूर्ण भूमिका खेलेको उनले बताए ।

कार्यक्रममा वीरगंज महानगरपालिकाका उप–प्रमुख इम्तियाज आलम, स्वास्थकर्मी संघका पूर्व अध्यक्ष राजनन्दन सिंह, पूर्व सचिव योगेन्द्र पन्जियार, स्वास्थ्यकर्मी संघका अध्यक्ष रामजि घिमिरे लगायतको उपस्थिति रहेको थियो भने प्रशिक्षण ऋषि राम पाण्डेले गरेका थिए । कार्यक्रमको सहजीकरण स्वास्थकर्मी संघका केन्द्रिय सदस्य तथा महिला संयोजक शोभा उप्रेती खरेलले गरेकी थिइन् ।

## 'वीरगंज चिनी कारखाना फेरि सञ्चालनमा ल्याउन सम्भव छैन'




मधेश प्रदेशका भूमि व्यवस्था,कृषि तथा सहकारी मन्त्री जनार्दन सिंह क्षेत्रीले दुई दशकदेखि बन्द वीरगंज चिनी कारखाना अब पुन सञ्चालनमा आउन नसक्ने बताएका छन् । शनिबार वीरगंजमा नेपाल ट्रेड युनियन कांग्रेस जिल्ला कार्य समिति पर्साको प्रथम जिल्ला परिषद्को उदघाटन सत्रमा बोल्दै कांग्रेस पर्साका सभापतिसमेत रहेका मन्त्री क्षेत्रीले अहिलेकै अवस्थामा वीरगंज चिनी काराखाना फेरि सञ्चालनमा ल्याउन सम्भव नै नरहेको बताए । उनले भने, 'वीरगंज चिनी मिल अब चल्ने वाला छैन ।

त्यसकारण कांग्रेस वा अहिलेको सरकारले वीरगंज चिनी मिल फेरि चलाउँछ भनेर जनतालाई गुमराहमा राख्ने काम गर्दैन ।'

बरु वीरगंज चिनी कारानखा पुन सञ्चालनमा ल्याउनुको सट्टा त्यस्तै ५ वटा ठूला ठूला चिनी कारखाना सञ्चालनका लागि सरकारले वातावरण बनाउनुपर्नेमा उनले जोड दिए । सरकारले काम व्यपार गर्ने नभई उद्योग व्यपारका लागि अवसर र वातावरण सृजना गरिदिने रहेको उनले बताए । मन्त्री क्षेत्रीले भने,' सरकारको काम व्यपार गर्ने होइन । बरु उद्योग व्यपारका लागि अवसर सृजना गरिदिने हो । वातावरण बनाइ दिने हो ।'

नेपाल ट्रेड युनियन कांग्रेस पर्साका अध्यक्ष छोटेलाल प्रसाद साहको अध्यक्षता तथा मन्त्री क्षेत्रीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा पूर्वमन्त्री ओमप्रकाश शर्मा, प्रदेश सभा सदस्य श्याम पटेल, कांग्रेस पर्साका उप–सभापति रामनारायण कुर्मी, सचिव इम्तियाज आलम, कांग्रेस नेताहरु राजकृष्ण अमात्य, शान्ति कार्की, धर्मेन्द्र कुमार पटेल, मोहम्मद साहबुदिन, कर्मचारी युनियनका केन्द्रीय उपाध्यक्ष अशोक रौनियार, शिक्षक नेता तीर्थराज यादव, प्रदीप पटेल, अशोक साह, ट्रेड युनियन कांग्रेसका नेता लक्ष्मण प्रसाद कुर्मी, अमृतलाल जोशी लगायतको पनि सहभागिता रहेको थियो ।

# मनोमानी करबिरुद्ध काठमाडौंमा आजपाको प्रदर्शन

**मधेशदृष्टि**
**काठमाडौं ।**
आम जनता पार्टी (आजपा)ले सरकार बिरुद्ध काठमाडौंमा प्रदर्शन गरेको छ । भ्रष्टाचार बिरुद्ध शनिबारदेखि मधेश प्रदेशमा मधेश यात्रा शुरु गरेको आजपाले सरकारको मनोमानी कर बिरुद्ध काठमाडौंमा प्रदर्शन गरेको हो । आजपाको काठमाडौं उपत्यका विशेष कमिटीको आयोजनामा 'सरकारको मनपरी कर आतंक बिरुद्ध प्रदर्शन' कार्यक्रम काठमाडौंको शान्तिबाटिबाट शुरु भई पुनः सोही ठाउँमा पुगेर समापन भएको थियो ।

जनताले तिरेको कर कहाँ छ ?, भ्रष्टाचार गरि सके छ, 'कर ज्यादति बिरुद्ध एक होऔं, मनोमानि कर खारेज गरौं, सरकारको अनावश्यक कर हटाउ, उधोग, ब्यबसाय चलाउने वातावरण बनाउ, दलतन्त्रको अत्य गरौं, जनताको लोकतन्त्र बहाली गरौं, लुटेरा सरकार मुर्दावाद, आम जनता पार्टी जिन्दावाद, कर आतंक बन्द गर लगायतका प्लेकार्ड बोकेर प्रदर्शनकारीले प्रदर्शन गरेका थिए ।

आजपाका वरिष्ठ उपाध्यक्ष तिलक थापाले तीनै तहको सरकारले मनपरी कर बृद्धि गर्दै आम जनताको ढाड भाच्ने र लुट मचाउदै राज्यको ढुकुटी लुटिरहेकाले आजपा सडकमा उत्रिनुपरेको बताए । सरकार कुम्भकरण जस्तै सुतिरहेको अवस्थामा आम जनताको समस्याको बारेमा जानकारी गराउनका लागि पार्टीले काठमाडौं सहित मधेशमा एकै दिन विरोध प्रदर्शनका साथै विशेष अभियान सञ्चालन गरेको उनले बताए । मुलुकमा भ्रष्टाचार कुशासन, अनियमितता बढदै गईरहेको बताउदै उनले सोझासाझा जनतामाथि अनावश्यक करमाथि कर थुपार्ने काम सरकारले गरेर राज्यको ढुकुटी लुटेको आरोप उनले लगाए ।

'तिनै तहको सरकारले मनोमानी कर लगाउने र आम जनतालाई लुट्ने अहिले प्रतिस्पर्धा चलेको छ । यहाँको उधोग, व्यापार चौपट छ । तर सरकारलाई करमाथि कर लगाउने र जनतालाई लुट्ने बाहेक अरु केही देख्दैन' आजपा वरिष्ठ उपाध्यक्ष थापाले भने, 'प्रधानमन्त्री भ्रष्टाचार शुन्य, सुशासनको कुरा गर्नुहुन्छ तर यहाँ भ्रष्टाचार बढदै गईरहेको छ । कुशासन छ, करमाथि कर छ । जनता मारमा परेका छन्, व्यापारीले आफ्नो व्यापार बन्द गर्दैछन् । युवा रोजगारका लागि खाडी मुलुक जान बाध्य छन्, यहाँ रोजगार छैन् । तपाई नै भन्नुस् यो सरकारको के काम ? जनताको हुन नसकेको यो सरकारको अन्त्य हुन आवश्यक छ ।'

आजपाले भ्रष्टाचार, अनियमितता, कुशासन, मनोमानी कर, महंगी, बेरोजगारी, बैदेशिक रोजगारको ठगी, भन्सारको मनोमानी कर लगायतका बिषयमा आवाज उठाउदै आएको छ । मुलुकमा बढदै गईरहेको भ्रष्टाचार, अनियमितता, कुशासनका साथै सरकारको अनावश्यक कर एवम् महंगी विरुद्ध आजपाले आन्दोलन गर्दै आएको छ । सोही बिषयलाई लिएर आजपाले काठमाडौंमा विरोध प्रदर्शन गर्नुका साथै मधेश प्रदेशमा भ्रष्टाचार बिरुद्ध मधेश यात्रा शुरु गरेको आजपा स्थायी कमिटीका सदस्य रबिन्द्र सिंहले मधेशका सिरहा, सप्तरीलगायतका जिल्लामा प्रदर्शन गरेको बताए ।

# जसपा नेपालको कार्यकर्ता भेटघाट

**मधेशदृष्टि**
**कलैया ।**
जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले बाराका नेता तथा कार्यकर्ताहरुसँग भेटघाट गरेका छन् । बारा निर्वाचन क्षेत्र न. ४ को क्षेत्रीय कमिटीले आयोजना गरेको कार्यकर्ता भेटघाटमा उनले पार्टीलाई थप मबजुत बनाउन निर्देशन दिए । जनतासँग जसपा नेपाल आधारभुत संगठन निर्माण अभियानको क्रममा उनले पार्टीबाट अवसरवादीहरुको बहिरगमन भइसकेकोले एकढिक्का भएर पार्टीलाई जनताको माझमा लग्न उनले नेता तथा कार्यकर्तालाई निर्देशन दिएका हुन् । क्षेत्रीय अध्यक्ष सन्जिव साहको अध्यक्षतामा सम्पन्न भेटघाट सम्पन्न भएको हो ।

यसैबीच शनिबार नै मन मनमा जसपा नेपाल घर घरमा जसपा नेपाल भन्ने नाराका साथ शुरू भएको चार महिने जनतासँग जसपा नेपालः आधारभुत संगठन निर्माण अभियानको क्रममा पार्टीका केन्द्रीय अध्यक्ष उपेन्द्र यादवले बारा जिल्ला क्षेत्र न. ३ को क्षेत्रीय कमिटीले आयोजना गरेको क्षेत्रिय भेलालाई सम्बोधन गरे । भेलामा जसपा नेपालका महासचिव एवम् मधेश प्रदेशका पूर्व मुख्यमन्त्री लालबाबु राउतले दुई चार जना पदलोलुप्ता भएका व्यक्ति पार्टीबाट गएपनि संगठनलाई कुनै असर नपरेको दाबी गरे । उनले जसपाको अभियानले पार्टीलाई थप मजबुत बनाइरहेको बताए । भेलामा जसपाका नेता तथा कार्यकर्ताहरुको उल्लेख्य सहभागिता रहेको थियो ।

# पर्सामा जङ्गली हात्तीको आतङ्क

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको जिराभवानी गाउँपालिकामा जङ्गली हात्तीको समूहले आतङ्क मच्चाएको छ । शुक्रबार बेलुका राष्ट्रिय जङ्गलबाट १५÷१६ वटा हात्तीको समूहले जिराभवानी गाउँपालिका वडा नं २ वसन्तपुरका प्रेमनारायण पटवारीको घर भत्काउनुको साथै धानबालीमा क्षति पु¥याएको छ । राति करिब साढे ७ बजे हात्तीको समूहले स्थानीय प्रेमनारायण पटवारी, रमेश खाँ, शिवशङ्कर साहको दस कट्ठा पाकेको धानबाली खानुका साथै माडेर क्षति पुर्याएको छ । यसका साथै वोरीङ्ग र ट्युबवेलमा समेत क्षति पुर्याएको स्थानीयले बताएका छन् । खेतमा रहेको पिपलको रुखमा मचान बनाई बाली जोगाउन बस्दै आएका प्रेमनारायण पटवारीका अनुसार हात्तीको समूहले खेतमा पसेपछि हात्ती धपाउन गाउँमा फोन गरी सहयोगका निम्ति स्थानीयहरूलाई बोलाए । गाउँलेहरूले दुई वटा ट्याक्टर लिएर हात्ती धपाउन आएका र ट्याक्टरको ठूलो स्वर तथा टिन बजेको आवाजले हाती जङ्गल पसेको उनको भनाई छ । बेलुकी साढे ७ बजे बस्तीमा पसेको हात्ती रातको करिब १० बजे जङ्गल फर्किएको पटवारीले बताए । फेरी रातको करिब साढे १२ बजे पुनः हाती खेतमा पसेर बालीमा क्षति पु¥याएको पटवारीले बताए ।

# सहयोगीलाई नारायणी स्पोर्टस् क्लबको सम्मान

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिका वडा नं–५ कुम्हाल टोलमा रहेको नारायणी स्पोर्टस् क्लबको नवनिर्मित भएको उद्घाटन गरिएको छ । मधेश प्रदेशका पूर्व मुख्यमन्त्री लालबाबु राउतले शनिबार एक कार्यक्रमकाबीच भवनको उद्घाटन गरेको हुन् । नेता राउतको करिब ८१ रुपैयाँको बजेट सहयोगले निर्माण भएको क्लबको कार्यक्रममा विभिन्न व्यक्तिहरुलाई सम्मान समेत गरिएको थियो । ज्योति शाहको अध्यक्षतामा सम्पन्न कार्यक्रमा समाजसेवी, क्लबका सहयोगी व्यक्ति तथा खेलाडीहरुलाई सम्मान गरिएको थियो ।

# मञ्चको २१ बुँदे घोषणा पत्र पारित

**मधेशदृष्टि**
**वीरगंज ।**
उपभोक्ता हित संरक्षण मञ्च नेपालको २९ औं केन्द्रिय बार्षिक साधारणसभाले २१ बुँदे वीरगंज घोषणा पत्र सर्वसम्मतले पारित गरेको छ । वीरगंजको एक होटलमा 'व्यवसायमा मानव अधिकार र उपभोक्ता सरोकार' भन्ने मुल नाराका साथ शुक्रबारबाट शुरु भएको दुई दिने साधारण सभा घोषणा पत्र पारित गर्दै सम्पन्न भएको हो ।

उपभोक्ता हित संरक्षण मञ्च नेपालका केन्द्रिय अध्यक्ष ज्योति बानियाको अध्यक्षतामा शनिबार सम्पन्न भएको कार्यक्रमका प्रमुख अतिथि पूर्व उद्योग मन्त्री एवम् लुम्बिनी प्रदेशका सान्सद दधिराम न्यौपानेले उपभोक्ताको बिषय सबैको साझा बिषय भएकोले यसमा सबैको चासो र चिन्ता हुनुपर्नेमा जोड दिए ।

उनले उपभोक्ताकर्मीहरुको एकल प्रयासले मात्र उपभोक्ताका समस्या समाधान नहुने भएकोले यो विषयलाई गम्भीरताका साथ सरकार सम्म पुर्याउने प्रतिबद्धता गरे ।

घोषणा पत्रमा नेपालको संविधान, उपभोक्ता संरक्षण ऐन, २०७५ समेतमा भएका उपभोक्ता अधिकार सम्बन्धि कानुनी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयनका लागि साधारण सभा जोडदार माग गरेको छ । उपभोक्ता संरक्षण ऐन, २०७५ र सम्मानित सर्वोच्च अदालतको परमादेश आदेश अनुसार उपभोक्ताका मुद्दाहरुको सुनुवाईका लागि अबिलम्ब उपभोक्ता अदालत गठन प्रक्रियालाई पुर्णता प्रदान गर्न सात वटै प्रदेश सरकार समक्ष माग गरेको छ । त्यसैगरी सबैपालिकाले हालसम्म पनि स्थानीय बजार व्यवस्थापन सम्बन्धि ऐन र नियमावली बनाएको नपाईएकोले यथाशीघ्र कानुन निर्माण गरि कार्यान्वयन ल्याउन माग गरेको छ । मधेश प्रदेश सरकारको उपभोक्ता हित संरक्षण निर्देशनालय खारेज गर्ने निर्णयको बिरोध गर्दै यथाशीघ्र पुनःस्थापन गर्न माग गरेको छ । उपभोक्ता सूचना केन्द्र स्थापनाको लागि तिन वटै सरकार समक्ष माग गरेको छ ।

त्यसै गरि माध्यमिक तहको पाठयक्रममा उपभोक्ता अधिकारका बिषय समावेश गर्नु पर्ने, ईन्टरनेट सेवा, शिक्षा, स्वास्थ्य सेवा, भ्रामक र उत्तेजक विज्ञापन, अनलाईन विज्ञापन, खाद्य स्वच्छता र गुणस्तर कायम राख्नका लागि तीनै तहका सरकार समक्ष माग राखेको छ भने बीमा आतंक, उपभोक्ता हक उल्लङ्घनबाट पीडितलाई क्षतिपुर्तिको व्यवस्था, व्यवसायमा दोहोरो दर्ता र नवीकरणको अन्त हुनु पर्ने, सहकारीहरुमा जम्मा भएको रकम अपचलन, गैरकानुनी रुपमा भित्रिएका ग्यास सिलिन्डरहरुको जफत र मापदण्ड अनुसार ग्यास सिलिन्डर बजार ल्याउनु पर्ने माग सहित २१ बुँन्दे घोषणा पत्र जारी गरेको हो ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन